# त्रिवर्षीय क्षमता विकास योजना

(आ.व. २०८३/८४-२०८५/८६)

**अन्तिम प्रतिवेदन**

**जेष्ठ, २०८३**

## छत्रेश्वरी गाउँपालिका

**कर्णाली प्रदेश, सल्यान**

# त्रिवर्षीय क्षमता विकास योजना

## (२०८३/८४-२०८५/८६)

**स्थानीय सरकारको क्षमता विकासका मूल क्षेत्रहरु**




# छत्रेश्वरी गाउँपालिका

## कर्णाली प्रदेश, सल्यान

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, salyan
०८८५९०२०९
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

प.सं.(Letter No.):२०८२/०८३
च.न.(Ref. No.):



# प्राक्कथन

स्थानीय सरकार जनताको घरदैलोमा नै हुने भएको हुनाले छत्रेश्वरी गाँउपालिकाका नागरिकलाई सम्मानयुक्त जीवन प्रदान गर्नका लागि एकीकृत सेवा प्रवाह गर्नुपर्ने जिम्मेवारी रहेको छ । नेपालको संविधानले प्रदत्त गरेको एकल र साझा अधिकार जिम्मेवारीपूर्वक कुशल रुपमा सम्पादन गरी नागरिकको सहज, सरल, पारदर्शी र गुणात्मक सेवा दिनको लागि पदीय जिम्मेवारीमा रहेका प्रतिनिधि र कर्मचारीहरुको क्षमतामा भर पर्दछ । यस गाँउपालिकाको संस्थागत संरचनाको भौतिक विकास, मानव संशाधन व्यवस्थापन एवम् विकास र गाँउपालिकाको सेवामा सहयोग गर्ने बजार सेवाको विकास र परिचालन गर्नका लागि क्षमता विकासको मूल क्षेत्र समेटी तीन वर्षीय (आ.व. २०८३/८४-२०८५/८६) क्षमता विकास योजना निर्माण भएको छ । यस योजनामा समाविष्ट योजना अनुसार वार्षिक रुपमा गाउँपालिकाको योजनामा समेटिनेछ । साथै कार्यान्वयनको लागि अन्य निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ । गाउँपालिकाको समग्र संस्थागत क्षमता विकास गरी गाँउपालिकावासीलाई गुणस्तरीय र प्रभावकारी सेवा दिई सुशासन कायम गराउन यो योजनाले हामीलाई मार्ग प्रशस्त गर्न सक्छ भन्ने विश्वास लिएको छु । योजनाको कार्यान्वयन हुँदै जाँदा मध्यमकालीन समीक्षा, प्रभाव मूल्याङ्कन गरिनेछ र समसामयिक रुपमा संशोधन समेत गरिनेछ ।

योजना निर्माणको क्रममा र स्वीकृतिसम्मका विभिन्न चरणहरुमा महत्वपूर्ण सहभागिता, सूचना, जानकारी, राय सुझाव प्रदान गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । योजना निर्माणको लागि प्रशासकीय प्रवन्ध सहितको महत्वपूर्ण योगदान पुऱ्याउनु हुने प्रमुख प्रशासकीय अधिकृत दिपक बुढाथोकी ज्यू धन्यवादको पात्र हुनुहुन्छ । साथै, आ-आफ्ना शाखाहरुको जिम्मेवारीमा रही सहभागिता, सूचना, तथ्याङ्क, विवरणहरु उपलब्ध गराउनुहुने शाखा प्रमुखहरु एवम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

यस योजना निर्माणको लागि परामर्श सेवा गर्नुहुने राष्ट्रिय वातावरण तथा स्वास्थ्य अध्ययन केन्द्र, मध्यपुर ठिमी, भक्तपुर प्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, छत्रेश्वरी गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनमा सबैको साथ र सहयोग प्राप्त भई गाँउपालिकाको समुन्नति हुनेछ भन्ने अपेक्षा गरेको छु ।

ओज बहादुर बुढाथोकी
अध्यक्ष
जेष्ठ, २०८३

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, salyan
०८८५९०२०९
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal


प.सं.(Letter No.):२०८२/०८३
च.न.(Ref. No.):



# मन्तव्य

छत्रेश्वरी गाउँपालिकावासीलाई सहज, सरल र गुणात्मक सेवा दिई सबै क्षेत्रको विकास गर्दै पालिकावासीमा खुसी र समृद्ध हासिल गर्ने हाम्रो ध्येय रहेको छ । यो ध्येयलाई पुरा गर्नको लागि गाउँपालिकाको संस्थागत क्षमता, पदीय जिम्मेवारीमा रहेका जनप्रतिधि र कर्मचारीहरुको क्षमतामा भर पर्दछ । पालिकावासीको विश्वास र भरोसालाई अक्षुण्ण कायम राख्नु हाम्रो दायित्व र जिम्मेवारीमा आएको छ । यसको लागि योजनाबद्ध विकासको खाका तयार गरी सो अनुसार वार्षिक कार्यक्रमहरु बनाई काम गर्दै जानु परेको छ । यसै सन्दर्भमा गाउँपालिकाको समग्र संस्थागत क्षमता विकास गरी गाँउपालिकावासीलाई गुणस्तरीय र प्रभावकारी सेवा दिई सुशासन कायम गराउन त्रिवर्षीय (आ.व. २०८३/८४-२०८५/८६) क्षमता विकास योजना निर्माण भएको छ । यो योजनाको कार्यान्वयनले जनप्रतिनिधि, कर्मचारी र गाउँपालिकाको विकास र सेवासँग सरोकार राख्ने स्थानीय समूह, संघसंस्थाहरुको सीप र क्षमता बढाई नागरिकप्रति पूर्ण जिम्मेवार बनाई जनउत्तरदायी स्थानीय सरकारको अनुभूति हुन सक्छ भन्ने विश्वास लिएको छु ।

गाउँपालिकाको तर्फबाट उक्त त्रिवर्षिय योजना निर्माण क्रम देखि स्वीकृति गर्नेसम्मका विभिन्न चरणहरुमा सहयोग, समन्वय र योगदान प्रदान गर्नुहुने सबै संघसंस्था र व्यक्तित्वहरुमा अभार प्रकट गर्दछु ।

अन्त्यमा, छत्रेश्वरी गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनमा सबैको साथ सहयोग प्राप्त भई पालिकाको समुन्नति हुनेछ भन्ने अपेक्षा गरेको छु ।

बुद्ध कुमारी खत्री
गाउँपालिका उपाध्यक्ष
जेष्ठ, २०८३

स्थानीय सरकार
Local Government
छत्रेश्वरी गाउँपालिका
Chhatreshwori Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
भोटेचौर, सल्यान
Bhotechaur, salyan
०८८५९०२०९
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

प.सं.(Letter No.):२०८२/०८३
च.न.(Ref. No.):



# मन्तव्य

नेपालको संविधान जारी भए पश्चात् संविधानमा नै स्थानीय तहको प्रत्याभूत गरी संघीय शासन प्रणाली बमोजिम स्थानीय सरकारको उपस्थिती ७५३ स्थानीय तहमा रहेका छन् । यस सन्दर्भमा स्थानीय सरकारलाई मूलभूत रुपमा संविधानद्वारा स्थानीय तहको अधिकार र जिम्मेवारी प्रत्याभूत गरेको छ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले थप जिम्मेवारी र अधिकार सहित स्थानीय सरकार सञ्चालनको मार्गदर्शन गरेको छ । संविधान र ऐनले प्रत्याभूत गरेको अधिकार र जिम्मेवारी पुरा गर्न स्थानीय तहले सेवा प्रवाह र विकास व्यवस्थापनको कार्य गर्न आवश्यक छ । सेवा प्रवाह र विकास व्यवस्थापनको कार्य गर्न संवैधानिक, कानूनी आधार सँगै स्रोत साधन र यसको उचीत व्यवस्थापनको गर्न जनशक्तिको आवश्यकता पर्दछ ।

संविधान र कानूनबाट प्राप्त हकअधिकार, उपलब्ध स्रोत साधन, जनशक्तिबिच तादम्यता ल्याउदै यी सबै पक्षको संयोजन गरी पद्दति निर्माण गरी सुशासन प्रवर्द्धन गर्न हरेक अवयवको क्षमता विकास गर्ने कार्य अनिवार्य आवश्यकताको रुपमा रहेको छ । यसै सन्दर्भमा, स्थानीय तहको क्षमता विकास गरी स्थानीय तहको सेवा प्रवाह, विकास व्यवस्थापन गरी जनतामाझ सबैभन्दा नजिकैको सरकार स्थानीय सरकारले आफ्नो उपस्थिति प्रभावशाली पारि सरकारको औचित्य जनतामा पुष्टि गर्न क्षमता विकास योजना अत्यावश्यक छ ।

त्यसैले, छत्रेश्वरी गाउँपालिकाको त्रिवर्षीय क्षमता विकास योजना निर्माणमा सहयोग र योगदान प्रदान गर्नुहुने सम्पूर्ण संघसंस्था, व्यक्तित्व, कर्मचारीबन्धु र सेवाग्राहीप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा, छत्रेश्वरी गाउँपालिकाको त्रिवर्षीय क्षमता विकास योजना कार्यान्वयनमा सबैको साथ सहयोगको अपेक्षा सहित सेवा प्रवाह र विकास व्यवस्थापन मार्फत स्थानीय सरकारको औचित्यता जनतामाझ पुष्टि गर्ने कार्यमा सबै सरोकारवालाको सहयोगको अपेक्षा गरेको छु । धन्यवाद ।

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत
जेष्ठ, २०८३

## प्रतिवेदनको संरचना

यो क्षमता विकास योजना ६ परिच्छेद्मा विभाजित छ । परिच्छेद् एकमा व्यापक परिचय जस अन्तर्गत पृष्ठभूमि, पालिकाको परिचय, क्षमता विकास योजनाको औचित्य, उद्देश्य, क्षमता विकास योजना तयारीको नीतिगत तथा कानुनी आधारहरु, संघ, प्रदेश र गाउँपालिकाको क्षमता विकासको अन्तर सम्बन्ध, योजना तर्जुमाको विधि तथा प्रकिया र योजना तर्जुमाका सीमाहरु उल्लेख छन् ।

त्यसैगरी, परिच्छेद् दुईमा क्षमता विकासको समग्र लेखाजोखा गरिएको छ जस अन्तर्गत संस्थागत क्षमता विकासका तीन आयाम, संस्थागत, मानव संसाधन, बजार सेवाहरुको क्षमता लेखाजोखा गरिएको छ ।

परिच्छेद् तीनमा समग्र योजना खाका उल्लेख छ । यस परिच्छेद्मा संस्थागत क्षमता विकासको परिचय र स्थानीय सरकारको क्षमता विकास योजना उल्लेख छ । त्यसैगरी, मानव संसाधन विकास एक परिचय र स्थानीय सरकारको मानव संसाधन विकास योजना र क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति सरोकारवालाहरुको पहिचान उल्लेख छ ।

परिच्छेद् चार योजना खाका र परिच्छेद् पाँच कार्यान्वयनको रणनीतिसँग सम्बन्धित छ भने परिच्छेद् ६ मा योजनाको व्यवस्थापन, अुगमन तथा मूल्याङ्कनको विधि र जिम्मेवारी उल्लेख छ ।

## क्षमता विकास प्रक्रियागत संरचना



# क्षमता विकास योजना एक झलक

| | |
|---|---|
| **प्रदेश** | कर्णाली |
| **जिल्ला** | सल्यान |
| **गाउँपालिका** | छत्रेश्वरी गाउँपालिका, सल्यान |
| **कार्यक्रम अवधि** | ३ वर्ष (आ.व.२०८३/२०८४–२०८५/२०८६) |
| **कार्यान्वयन गर्ने मुख्य निकाय** | छत्रेश्वरी गाउँपालिका, सल्यान |
| **मुख्य सरोकारवालाहरु** | संघीय सरकार, प्रदेश सरकार, प्रदेश प्रशिक्षण प्रतिष्ठान र विकास साझेदार संस्थाहरु |

| **विषयगत क्षेत्र र सहक्षेत्र** | **जम्मा** | **आन्तरिक रु.** | **बाह्य रु.** |
|---|---|---|---|
| **विषयगत क्षेत्र १: संस्थागत क्षमता विकास** | | | |
| १.१ भौतिक स्रोत साधन व्यवस्थापन | १६०५४००० | १०१३४००० | ५९२०००० |
| १.२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | ८८०००० | ८८०००० | ० |
| १.३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित | चालु खर्चबाट हुँने | चालु खर्चबाट हुँने | चालु खर्चबाट हुँने |
| १.४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित | १९४५००० | १२२७००० | ७१८००० |
| **जम्मा रु.** | १८८७९००० | १२२४१००० | ६६३८००० |
| **प्रतिशत** | **१००** | **६४.८४** | **३५.१६** |
| **विषयगत क्षेत्र २: मानव संसाधन विकास** | | | |
| २.१. निर्वाचित पदाधिकारीहरुका लागि | १८९९००० | १८००००० | ९९००० |
| २.२ समिति, उपसमितिहरुका लागि | २००००० | २००००० | ० |
| २.३ कर्मचारीहरुका लागि | ८१८००० | ७००००० | ११८००० |
| २.४ साझेदारहरुको क्षमता विकास | १८९०००० | १२००००० | ६९०००० |
| **जम्मा** | **४८०७०००** | ३९००००० | ९०७००० |
| **प्रतिशत** | **१००** | ८१.१३ | १८.८७ |
| **कुल जम्मा (१ र २) रु** | **२३६८६०००** | **१६१४१०००** | **७५४५०००** |
| **समग्र प्रतिशत** | १०० | **६८.१५** | **३१.८५** |

# विषय सूची


प्रतिवेदनको संरचना ..... 3
क्षमता विकास प्रक्रियागत संरचना ..... ii
क्षमता विकास योजना एक झलक ..... iii
परिच्छेद् १: परिचय ..... १
१.१ पृष्ठभूमि ..... १
१.२ क्षमता विकास योजनाको औचित्य ..... २
१.३ क्षमता विकास योजनाको उद्देश्य ..... ३
१.४ क्षमता विकास योजनाको तयारीका नीतिगत तथा कानुनी आधारहरु ..... ४
१.५ क्षमता विकास योजना तर्जुमा प्रक्रिया ..... ४
परिच्छेद २: छत्रेश्वरी गाउँपालिकाको संक्षिप्त परिचय ..... ९
२.१ सामान्य परिचय ..... ९
२.२ आधारभूत विवरण ..... १०
२.३ घर तथा जनसङ्ख्या विवरण ..... १०
२.४ आर्थिक गतिविधि र रहन सहन ..... ११
२.५ सिँचाइ ..... १३
२.६ पर्यटन ..... १४
२.७ सामाजिक अवस्था ..... १४
२.८ पूर्वाधार तथा सेवा सुविधा तथा पूर्वाधारको अवस्थाः ..... १७
२.९ वातावरण ..... १८
परिच्छेद् ३: क्षमता विकासको समग्र लेखा जोखा ..... १९
३.१ संस्थागत क्षमता विकास तीन आयाम ..... १९
३.२ छत्रेश्वरी गाउँपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा ..... १९
३.३ मानव संसाधनको क्षमता विकास लेखा जोखा ..... २०
परिच्छेद् ४: समग्र योजना खाका ..... २१
४.१ संस्थागत क्षमता विकास एक परिचय ..... २१
४.२ स्थानीय सरकारको क्षमता विकास योजना (अनुसूची ७) ..... २१
४.३ मानव संसाधन विकास एक परिचय ..... २७
४.४ स्थानीय सरकारको मानव संसाधन विकास योजना (अनुसूची १०) ..... २७
४.५ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरुको पहिचान (अनुसूची ६सँग सम्बन्धित) ..... ३३
परिच्छेद् ५ क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना ..... ३४
५.१ पृष्ठभूमि ..... ३४
५.२ उद्देश्य ..... ३४
५.३ कार्य क्षेत्र ..... ३४
५.४ योजना कार्यान्वयनको रणनीति ..... ३५
५.६ कार्यान्वयन तालिका प्रथम वर्ष ..... ३६
परिच्छेद् ६: अनुगमन तथा मूल्याङ्कन ..... ३९
६.१ कार्यक्रम व्यवस्थापन ..... ३९
६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन ..... ३९
सन्दर्भ सामग्रीहरुः ..... ४१
अनुसूचीहरु ..... ४२

# तालिकाहरुको सूची


तालिका १ छत्रेश्वरी गाउँपालिकाको आधरभूत विवरण ....................................................................१०
तालिका २ वडागत घरपरिवार र जनसङ्ख्या विभाजन.....................................................................१०
तालिका ३ उमेर समूह अनुसारको जनसङ्ख्या...............................................................................११
तालिका ४ मुख्य आर्थिक गतिविधिहरु........................................................................................१२
तालिका ५ आर्थिक रूपमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या.............................................................१२
तालिका ६ छानाको प्रकार अनुसारका घरहरुको सङ्ख्या...................................................................१३
तालिका ७ जातजाति अनुसार जनसंख्याको प्रतिशत .......................................................................१४
तालिका ८ साक्षरता विवरण.....................................................................................................१५
तालिका ९ खानेपानी उपभोगका आधारमा घर सङ्ख्या ...................................................................१६
तालिका १० शौचालय प्रयोगका आधारमा घरपरिवार.......................................................................१६
तालिका ११ खाना पकाउन इन्धन उपभोगका आधारमा घरपरिवार सङ्ख्या............................................१७
तालिका १२ बत्ती बाल्न प्रयोग भएको ऊर्जाका आधारमा घरपरिवार................................................... १८
तालिका १३ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूची ७ मा आधारित) .....................२२
तालिका १४ स्थानीय सरकारको मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूची १० मा आधारित)................... २८
तालिका १५ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरु (अनुसूची ६सँग सम्बन्धित)............... ३३
तालिका १६ पहिलो वर्षका कार्य योजना........................................................................................३७


# अनुसूचीहरुको सूची


अनुसूची १ स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा संक्षिप्त विवरण .................... ४२
अनुसूची २ स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा .............................................. ४७
अनुसूची ३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका फारम (अनुसूची ५ मा आधारित) .............. ५०
अनुसूची ४ स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा फाराम.....................................५७
अनुसूची ५ स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा फाराम.................................... ५९
अनुसूची ६ अनुशिक्षणका सहभागीको विवरण ...........................................................................६१
अनुसूची ७ क्षमता विकास योजना निर्माणको सिलसिलामा लिइएका केही तस्बिर .......................................... ६४

# परिच्छेद् १: परिचय

## १.१ पृष्ठभूमि

नेपालका स्थानीय तहहरु नगरिकका घरदैलोका सरकार हुन् । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । सबै स्थानीय तहहरु संस्थागत रूपमा सबल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका साथ पूर्ण जिम्मेवारीका साथ प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्न सक्षम हुनु जरुरी छ । उनीहरुले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरुको (संस्थागत र सङ्गठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ ।

तसर्थ, छत्रेश्वरी गाउँपालिकाकाका जनप्रतिनिधि, कर्मचारी तथा समुदायको ज्ञान, सीप, दक्षता, र संस्थागत क्षमतालाई सुदृढ गरी प्रभावकार्रा सेवा प्रवाह र समग्र विकास प्रकियालाई परिणाममुखी बनाउँन क्षमता विकास योजना आवश्यक भएको हो । संक्षेपमा भन्नुपर्दा क्षमता विकासले गाउँपालिकाको योजना तर्जुमा, बजेट व्यवस्थापन, सेवा प्रवाह, अनुगमन तथा निर्णय प्रकिया सक्षम बनाउँने हुँदा यस छत्रेश्वरी गाउँपालिकाका लागि क्षमता विकास निम्नलिखित क्षेत्रमा केन्द्रित भएको छ,

- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास
- संस्थागत प्रणाली र कार्यप्रणालीमा सुधार
- स्थानीय सहयोगी संघ संस्थाको क्षमता विकास
- विभिन्न समिति तथा उप-समितिहरुको क्षमता विकास

यस प्रकारको क्षमता विकासबाट छत्रेश्वरी गाउँपालिकालाई उत्तरदायी, पारदर्शी र प्रभावकारी स्थानीय शासन स्थापना गर्न सहयोग पुर्‍याउँने अपेक्षा गरिएको छ जसले दिगो एकीकृत विकासमा योगदान दिन्छ । किन भने पालिकाले मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरुको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन ।

स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहना अनुरूपका हुन् सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरुमा नैराश्य बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संसाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । तसर्थ स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरेको “क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६” को अधीनमा रहि यो क्षमता विकास योजना तयार गरिएको छ ।

स्थानीय तहहरु नागरिकको जीवनस्तर सुधारका लागि एकीकृत कार्य गर्ने जिम्मेवार निकाय हुन् । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरु कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरुको क्षमतामा भर पर्दछ । संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरुलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरुलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । तर

अधिकांश स्थानीय सरकारहरु बहुआयामिक चुनौतीको सामन गर्नुपर्ने अवस्थामा छन् । तीमध्ये कर्मचारी तथा प्रतिनिधिमा क्षमताको कमी अधिक भएको पाइन्छ । यस्तो अवस्थामा स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरुलाई दिगो र परिणाममुखी बनाउँनु पर्ने कानुनी र नैतिक दायित्व रहेको तर जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त नहुन् सक्छ। नगरिकका न्यूनतम आवश्यकता पहिचान गर्न सकिदैन। विकासका कार्यहरुको प्राथमिकीकरणमा अलमल हुन्छ । समृद्धिको यात्रा काँहाबाट सुरु गर्ने भन्नेमा अलमल हुन्छ । विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउँदै नागरिकहरुको आशा र अपेक्षा अनुसार काम गर्न नसकेको हुन् सक्छ ।

यसै परिप्रेक्ष्यलाई ध्यानमा राखी स्थानीय तहका कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुको क्षमता विकास र कार्य संम्पादनमा सुधार लगायतका लागि छत्रेश्वरी गाउँपालिकाको यो ३ वर्षे क्षमता विकास योजना तयार गर्न परामर्शदाता संस्थासँग सम्झौता गरे अनुसार यो क्षमता विकास योजना २०८३ तयार गरिएको हो ।

## १.२ क्षमता विकास योजनाको औचित्य

नेपालको संविधान २०७२ अनुसार नेपाल सरकारले अपनाएको संघीय शासन प्रणालीमा स्थानीय तहलाई बढी अधिकार र जिम्मेवारी दिइएकाले ती अधिकार र जिम्मेवारीहरु प्रभावकारी रूपमा प्रयोग गर्न पालिकाको प्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालाहरुको क्षमता विकास गर्नु सान्दर्भिक हुँन्छ । निम्न कारणहरुले यो क्षमता विकास योजना बढी सान्दर्भिक छ,

१. **संघीय शासन कार्यान्वयनमा सहयोग पुर्‍याउँनः** संघीय संरचनामा स्थानीय तहलाई योजना, बजेट, सेवा प्रवाह लगायतका अधिकार दिइएको छ । यी अधिकारहरु सम्पादन गर्न सक्ने गरी यो क्षमता विकास योजनाले स्थानीय सरकार सञ्चालनमा जोडिएका पक्षहरुको क्षमता विकास गर्ने हुँदा सान्दर्भिक देखिन्छ ।
२. **सेवा प्रवाहको गुणस्तर सुधार गर्न** : यो क्षमता विकास योजनाले दक्ष जनशक्ति र सुदृढ प्रणालीको विकासमार्फत नागरिकलाई छिटो सहज, कम झन्झटिलो, गुणस्तीय र पारदर्शी सेवा उपलब्ध गराउँन मद्‌दत गर्दछ ।
३. **सुशासन प्रवर्द्धन गर्नः** पालिकामा पारदर्शीता, उत्तरदायित्व र सहभागितामूलक निर्णय प्रक्रियालाई सबल बनाउँदै सुशासन कायम गर्न उपयोगी हुन्छ ।
४. **योजना तथा बजेट कार्यान्वयनमा प्रभाकारिता ल्याँउन मदत पुग्नेः** क्षमता विकास विकास योजना कार्यान्वयनबाट गाउँपालिकाको योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियालाई व्यवस्थित र परिणाममुखी बनाउँन सहयोग पुग्छ ।
५. **दिगो र सक्षम संस्थागत सुदृढीकरणमा सघाउः** पालिकाको संस्थागत संरचना र कार्यप्रणालीमा सुधार र नीतिगत व्यवस्था सवलीकरण गरी एक सक्षम संस्था निर्माणमा सहयोग पुग्छ ।
६. **समुदाय सशक्तीकरण र सहभागिता बृद्धिः** क्षमता विकास योजनाले केवल पालिकाका प्रतिनिधि र कर्मचारीको मात्र क्षमता विकास नगरी स्थानीय नागरिक समूह तथा सरोकारवालाहरुको समेत क्षमता विकास गरी समग्र विकासमा उनीहरुको सक्रिय सहभागिता बढाउँदै समावेशी विकासमा योगदान दिन्छ ।
७. **दिगो विकास लक्ष्य हासिलमा सहयोगः क्षमता** विकास योजनाले पालिकालाई दिगो विकासका लक्षहरु प्राप्त गर्न आवश्यक सीप, ज्ञान र संरचना विकास गर्न सहयोग गर्दछ ।

यसका अतिरिक्त विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउँदै नागरिकहरुको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकासका साथै आपूर्तिका र माग दुवैमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको हुँदा पनि यो योजना बनाउँनु परेको हो। यसलाई निम्न अनुसार संक्षेपीकरण गरिएको छ,

- स्थानीय सरकारबाट सञ्चालन गरिने विकासका विविध आयामहरु दिगो र परिणाममुखी बनाउँन
- संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न ।
- संस्थागत संरचनामा भएको कमी पहिचान गरी परिपूर्तिको उपाय पहिचान र कार्यान्वयन गर्न
- जिम्मेवारीमा बसेका कर्मचारी, प्रतिनिधि तथा सरोकारवलाहरुमा रहेको कमी र सुधारका उपाय खोजी र कार्यान्वयन खाका तयार गर्न ।
- विकास प्रशासनका नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउँदै लैजान ।
- नागरिकहरुको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी आपूर्ति र माग दुवैमा आधारित क्षमता विकास गर्न ।

## १.३ क्षमता विकास योजनाको उद्देश्य

यस छत्रेश्वरी गाउँपालिकाको विभिन्न जिम्मेवारीका पदमा रहेका कर्मचारी तथा नेतृत्व तहको जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त नहुन् सक्छ र नागरिकका न्यूनतम आवश्यकता पहिचान गर्न नसकी विकासका कार्यहरुको प्राथामिकीकरणमा अलमल भै समृद्धिको यात्रा काँहाबाट सुरु गर्ने भन्नेमा अलमल हुन्छ पर्न गएको अवस्थालाई संबोधन गर्न जरुरी छ ।

तसर्थ, यो योजना तयार गर्नुको मूल उद्देश्य योजनाको कार्यान्वयनबाट गाउँपालिकाको कार्य सम्पादनमा सुधार ल्याउँनु हो । साथै यस क्षमता विकास योजना तर्जुमाको अर्को उद्देश्य भनेको विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाई संस्थागत विकास गरी नागरिकहरुको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने बनाउँन संस्थागत क्षमता र मानव संसाधनमा रहेको क्षमताको कमी पहिचान गरी क्षमता विकासका उपायहरुको खोज तथा विश्लेषण गरी ३ वर्षे योजना खाका तयार गर्नु हो । यसका निहित उद्देश्यहरु यस प्रकार छन्,

- स्थानीय सरकारका सबल र कमजोर पक्षहरुको पहिचान लगायत संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयबाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ को विधि र प्रकिया अपनाई संविधान तथा प्रचलित कानुनहरुबाट स्थानीय सरकारलाई प्राप्त अधिकार अनुरूप जनउत्तरदायीपूर्ण ढङ्गबाट कार्यसम्पादन गर्नका लागि संस्थागत र मानव संसाधनको क्षेत्रमा रहेको अभाव पहिचान र सोको परिपूर्ति गर्न क्षमता विकासका आश्यक उपायहरुको सहभागितामूलक ढङ्गबाट पहिचान गरी विस्तृत योजना खाका तयारी गर्नु ।

- यो योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको आँकलन र परिपूर्तिका विभिन्न स्रोत र उपायहरुको खोजी गर्ने ।

- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्नु ।

## १.४ क्षमता विकास योजनाको तयारीका नीतिगत तथा कानुनी आधारहरु

यो क्षमता विकास योजना तयार गर्दा **नेपालको संविधानमा** उल्लेखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय सरकारहरुका एकल र साझा अधिकारहरुको उपयोग गर्नुपर्ने कुराहरुलाई मध्यनजर गरिएको छ ।

क्षमता विकास योजना तयारीका क्रममा नेपालको संविधानले अङ्गीकार गरेका धाराहरु भाग ३ मौलिक हक र कर्तव्य सम्बन्धी समानताको हक (धारा १८), सम्पत्तिको हक (धारा २५), सूचनाको हक (धारा २७), शिक्षा सम्बन्धी हक (धारा ३१), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०) जेष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र उपभोक्ताको हक (धारा ४४)लाई यथेष्ट ध्यान दिइएको छ । किनभने स्थानीय सरकारहरु प्रत्यक्ष वा परोक्ष रूपमा यी जनसरोकारका विषयहरु र यसका सेवा प्रवाहमा जोडिएका हुन्छन् ।

त्यसैगरी, भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी धारा ५० अनुसारका सिद्धान्तहरु र धारा ५१ विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति र अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिका समेतलाई ध्यानमा राखिएको छ ।

त्यसैगरी, स्थाानीय सरकार सञ्चालन ऐनको दफा १०२ को २ मा उल्लेख भए बमोजिम स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने ऐन तथा नीति नियम बनाउँनु पर्ने सन्दर्भलाई पनि ख्याल गरेको छ ।

## १.५ क्षमता विकास योजना तर्जुमा प्रक्रिया

क्षमता विकास योजना तयार गर्दा निम्नानुसारका चार चरणका कार्यहरु पुरा गरी तर्जुमा गरिएको छ जुन तल चित्रमा दिइएको छ ।




**चरण १: तयारी चरण:**

छत्रेश्वरी गाउँपालिकासँग फोन मार्फत सम्पर्क कायम गर्ने, सेवाग्राही तहबाट स्थानीय सरकारको संस्थागत र मानव संसाधनको सेवा प्रवाहप्रतिको धारणका लागि प्रश्नावली तयारी र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ को समेत विधि र प्रकिया अन्तर्गत निर्दिष्ट फारमहरुलाई केही परिष्करण गरी तयार गरिएको थियो ।

**चरण २: प्राविधिक चरण:**

यो चरणलाई निम्न अनुसार अगाडि बढाइएको थियो,

- **सह चरण १** — क्षमता विकास समन्वय समिति गठन
- **सह चरण २** — क्षमता विकासको योजना तर्जुमा प्रक्रियाबारे एक दिने अभिमुखीकरण
- **सह चरण ३** — मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा
- **सह चरण ४** — नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा
- **सह चरण ५** — आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा
- **सह चरण ६** — क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान
- **सह चरण ७** — संस्थागत क्षमता विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान
- **सह चरण ८** — शाखागत र विषयगत रूपमा मानव संसाधनको क्षमता लेखाजोखा
- **सह चरण ९** — मानव संसाधन विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान:

क्षमता विकास योजना तयारीमा यो प्रमुख चरण हो । यो चरणमा स्थानीय सरकारका कर्मचारी, निर्वाचित प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट, छलफल, अनुशिक्षण लगायत संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयबाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ मा उल्लेखित फारमहरुकै आधारमा तयार गरिएका फारमहरु प्रयोग गरी निम्न अनुसार लेखाजोखा तथा क्षमता विकासका आवश्यकता पहिचान गरिएको थियो । यो चरण पुरा गर्न विभिन्न सहचरणहरुको उपयोग गरिएको थियो ।

## १. क्षमता विकास समन्वय समिति गठन

क्षमता विकास योजना तयारी दिग्दर्शन २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरुका लागि कार्यपालिकाको निर्णयबाट एक क्षमता विकास समन्वय समिति गठन गरिएको थियो । सो समितिको नामावली निम्न अनुसार छ,

१. श्री ओज बहादुर बुढाथोकी, संयोजक
२. श्री फौंद बहादुर बस्नेत, सदस्य
३. श्री टिकाराम बुढा, सदस्य
४. श्री गोविन्द राज विष्ट, सदस्य
५. श्री जीवराज खत्री, सदस्य
६. श्री दिपक बुढाथोकी, सदस्य सचिव

## २. क्षमता विकासको योजना तर्जुमा प्रक्रियाबारे एक दिने अभिमुखीकरण

२०८३ वैशाख ३० गतेका दिन पालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत निर्वाचित प्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत लगायत अधिकांश कर्मचारीको उपस्थितिमा एक दिने अभिमुखीकरण गरियो ।

## ३. मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची २ मा तोकिएको ढाँचा अनुसारका पाँच वटा विषयगत क्षेत्रमा सम्बन्धित शाखा/एकाइका प्रमुखहरु स-साना समूहमा छलफल गराई स्व–मूल्याङ्कन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण सङ्कलन गरी संकलित विवरणहरुको विश्लेषणबाट गाउँपालिकाका लागि आवश्यक महसुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

## ४. नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखाः

छत्रेश्वरी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष लगायत वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समिति, उपसमितिका संयोजकहरुको लागि पनि सानु सानु समूहमा संवाद गरी क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची ३ मा तोकिएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्व–मूल्याङ्कन विधिबाट विवरण सङ्कलन गर्ने कार्य गरी नेतृत्व तहले आवश्यकता महसुस गरेको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

## ५. आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखाः

सीमित सङ्ख्यामा पालिकाका पदाधिकारीहरुसँगै बसेर कार्य सम्पादन अवस्थाको अवलोकन गर्दै सम्पादन गरेका कार्यहरुको समीक्षा गर्दै स्थानीय सरकारको संस्थागत स्व–मूल्याङ्कन दस्तावेजहरुको नतिजाको अध्ययन गरी अनुसूची ५ को उपयोगबाट आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको थियो ।

## ६. क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरुको पहिचान

योजाना तर्जुमाकै समयमा सहभागितामूलक विधि र हाम्रो अनुभवका आधारमा अनुसूची ६ अनुसार विभिन्न प्रकारका क्षमता विकास कार्यकालागि आवश्यक स्रोतव्यक्ति र सरोकारवालाहरुको पहिचान गरिएको थियो ।

**७. संस्थागत क्षमता विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान**

संस्थागत क्षमता विकासका लागि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुँदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो र आवश्यक बजेटको हकमा कर्मचारी बढी अनुभवी हुने हुँदा अधिकांश बजेट आँकलन उनीहरुको अनुभवबाट र पहिचान गरिएका क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरुसँगको संवादका माध्यमबाट तय गरिएको थियो । त्यसै गरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको थियो ।

**८. शाखागत र विषयगत रूपमा मानव संसाधनको क्षमता लेखाजोखा**

पदाधिकारी र कर्मचारीसँगको छलफलका आधारमा दिग्दर्शनको अनुसूची ८ अनुसार स्थानीय सरकारको शाखागत रूपमा रूपमा विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा गरी ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम (विषयवस्तु) शाखाकै कर्मचारीहरुबाट प्रस्ताव गरियो ।

**९. मानव संसाधन विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान**

मानव संसाधन विकासका लागि पनि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुँदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो र आवश्यक बजेटको हकमा मानव संसाधन विकासका लागि पनि कर्मचारी र पहिचान गरिएका क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरुसँगको संवादका माध्यमबाट आवश्यक लागत तय गरिएको थियो । त्यसै गरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको थियो ।

**चरण ३ः संस्थागत क्षमता विकास र मानव संसाधन विकास योजना लेखन चरण:**

उपर्युक्त विभिन्न स्तरको अध्ययन, स्वमूल्याङ्कन तथा विश्लेषणपछि क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ को अनुसूची ७ र १० मा उल्लेख भएको फारको ढाचामा अनुकूल हुँने गरी **स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना** र **स्थानीय सरकारको मानव संसाधन विकास योजना २०८३** तयार गरियो ।

**चरण ४: प्रस्तुति र प्रतिवेदन चरण**

गाउँपालिकामा अध्ययन तथा क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछि को संश्लेषण गरी गाउँपालिकामा पेश गरिएको थियो ।

# परिच्छेद २: छत्रेश्वरी गाउँपालिकाको संक्षिप्त परिचय




## २.१ सामान्य परिचय

छत्रेश्वरी गाउँपालिका सल्यान जिल्लाको एक ग्रामीण स्थानीय तह हो, जुन कर्णाली प्रदेश अन्तर्गत पर्दछ। संघीय संरचना अनुसार २०७३ सालमा स्थापना भएको यस गाउँपालिकाले स्थानीय शासन, विकास र सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यो पालिका ७ वटा वडामा विभाजन भई पालिकाको मुख्यालय भोटेचौरमा अवस्थित छ। पहाडी भूबनोट भएको यस गाउँपालिकाको कुल क्षेत्रफल १५०.६९ वर्ग किलोमिटर रहेको छ।

यो पालिकाको भौगोलिक अवस्थिति अक्षांश करिब २८°२०′ देखि २८°३०′ उत्तर र देशान्तर करिब ८२°०५′ देखि ८२°२०′ पूर्व मा पर्ने यो गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा शारदा नगरपालिका, उत्तरमा बागचौर नगरपालिका र दक्षिणमा त्रिवेणी र कपुरकोट गाउँपालिका पर्दछन्। यो पालिका समुद्र सतहबाट ८३९ देखि २८०० मिटरसम्मको उचाइमा पर्दछ।

यो गाउँपालिकाको नाम ऐतिहासिक तथा धार्मिक महत्व बोकेको छत्रेश्वरी भगवती मन्दिरबाट राखिएको पाइन्छ जसले यस क्षेत्रको सांस्कृतिक पहिचान झल्काउँछ। यहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको मिश्रण पाइन्छ जसले सामाजिक सद्भाव र विविधतालाई मजबुत बनाएको छ।

भौगोलिक रूपमा यो गाउँपालिका पहाडी क्षेत्रमा पर्दछ र यहाँ उकालो ओरालो भूबनोटमा हरियाली वन, खोलानाला र प्राकृतिक स्रोतहरु भरिपूर्ण भएको वातावरण पाइन्छ। यहाँका मानिसको प्रमुख आय स्रोत कृषि र पशुपालन हो।

यो गाउँपालिकामा पूर्वाधारका हिसावले सडक, पुलपुलेसा, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइ जस्ता आधारभूत सेवाहरु विस्तार हुँदै गएका छन्।

समग्रमा, भौगोलिक कठिनाई र सीमित स्रोतका कारण विकासमा केही चुनौतीहरु भए पनि स्थानीय सरकार, समुदाय र सरोकारवालाहरुको सहकार्यमा यो गाउँपालिका दिगो विकासतर्फ अगाडि बढ्दै गरेको अवस्थामा छ

## २.२ आधारभूत विवरण

**तालिका १ छत्रेश्वरी गाउँपालिकाको आधरभूत विवरण**

| क्र.सं. | विवरण | तथ्याङ्क |
|---|---|---|
| १ | प्रदेश | कर्णाली |
| २ | जिल्ला | सल्यान |
| ३ | स्थानीय तहको प्रकार | गाउँपालिका |
| ४ | स्थापना भएको वर्ष | २०७३ साल |
| ५ | कुल वडा सङ्ख्या | ७ |
| ६ | क्षेत्रफल | १५०.६९ वर्ग कि.मि. |
| ७ | भौगोलिक अवस्था | पहाड, उकालो ओरालो |
| ८ | अवस्थिति | अक्षांश करिव २८°२०′ देखि २८°३०′ उत्तर र देशान्तर करिब ८२.१०° देखि ८२.२०° पूर्व |
| ९ | घरधुरी सङ्ख्या | ५१३९ (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| १० | जनसङ्ख्या | २१,२४२ (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| ११ | जातिगत संरचना | क्षेत्री ५२ प्रतिशत, मगर १५ प्रतिशत, कामी १२ प्रतिशत र बाँकी २१ प्रतिशत ठकुरी, ब्राह्मण र सार्की आदि |
| १२ | साक्षरता दर | ७७.७० प्रतिशत (राष्ट्रिय जनगणना २०७८ अनुसार) |
| १३ | प्रमुख भाषा | नेपाली |
| १४ | प्रमुख धर्म | हिन्दु |
| १५ | वर्तमान गाउँपालिका अध्यक्ष | श्री ओज बहादुर बुढाथोकी |
| १६ | वर्तमान गाउँपालिका उपाअध्यक्ष | श्री बुद्ध कुमारी खत्री |
| १७ | वर्तमान प्रमुख प्रशासकीय अधिकृत | श्री दिपक बुढाथोकी |

## २.३ घर तथा जनसङ्ख्या विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका ५१३९ घरधुरीमा २१,२४२ जनसङ्ख्या रहेको अवस्था छ, जसमा ११,२२३ महिला र १०,०१९ पुरुष रहेका छन् र पालिकाको लैङ्गिक अनुपात ८९.२७ रहेको छ। वडागत विवरण तल तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका २ वडागत घरपरिवार र जनसङ्ख्या विभाजन**

| वडा नं. | घरपरिवार सङ्ख्या | जनसङ्ख्या | | | सरदर परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| **सबै वडा** | ५१३९ | २१२४२ | १००१९ | ११२२३ | ४.१३ | ८९.२७ |
| १ | ६२६ | २६४४ | १२८५ | १३५९ | ४.२२ | ९४.५५ |
| २ | ७३८ | ३००८ | १३८९ | १६१९ | ४.०८ | ८५.७९ |
| ३ | ६८५ | २८०७ | १२६५ | १५४२ | ४.१ | ८२.०४ |
| ४ | ७३७ | ३४१२ | १६५१ | १७६१ | ४.६३ | ९३.७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ७७३ | ३३०६ | १६०८ | १६९८ | ४.२८ | ९४.७ |
| ६ | ८९१ | ३३५३ | १५४७ | १८०६ | ३.७६ | ८५.६६ |
| ७ | ६८९ | २७१२ | १२७४ | १४३८ | ३.९४ | ८८.६ |

***स्रोत राष्ट्रिय जनगणना २०७८***

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा जनसङ्ख्या २१,२४२ मध्ये १० वर्ष देखि ६४ वर्षसम्मको जनसङ्ख्या १५८४१ रहेको छ र ५ वर्ष देखि ९ वर्षसम्मको जनसङ्ख्या २०३४ रहेको छ। विस्तृत तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३ उमेर समूह अनुसारको जनसङ्ख्या**

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| **सबै उमेर समूह** | **२१२४२** | **१००१९** | **११२२३** |
| **५ वर्षे उमेर समूह** | | | |
| ००-०४ | २१६६ | ११३५ | १०३१ |
| ०५-०९ | २०३४ | १०१३ | १०२१ |
| १०-१४ | २१४३ | ११०६ | १०३७ |
| १५-१९ | २४०३ | ११६३ | १२४० |
| २०-२४ | २१६५ | ९१४ | १२५१ |
| २५-२९ | १६८६ | ७३९ | ९४७ |
| ३०-३४ | १३६४ | ६०५ | ७५९ |
| ३५-३९ | १२५६ | ५३० | ७२६ |
| ४०-४४ | ११३५ | ४९० | ६४५ |
| ४५-४९ | १०९९ | ५०१ | ५९८ |
| ५०-५४ | १०६६ | ५०६ | ५६० |
| ५५-५९ | ८२३ | ३९३ | ४३० |
| ६०-६४ | ७०१ | ३२३ | ३७८ |
| ६५-६९ | ५८८ | २८७ | ३०१ |
| ७०-७४ | ३७४ | १८२ | १९२ |
| ७५-७९ | १६६ | ९२ | ७४ |
| ८०-८४ | ४७ | २५ | २२ |
| ८५-८९ | १४ | १० | ४ |
| ९०-९४ | ७ | १ | ६ |
| ९५+ | ५ | ४ | १ |

***स्रोत राष्ट्रिय जनगणना २०७८***

## २.४ आर्थिक गतिविधि र रहन सहन

### क. प्रमुख आर्थिक गतिविधि

छत्रेश्वरी गाउँपालिकाको अर्थतन्त्र कृषि र अन्य विविध ग्रामीण जीविकोपार्जनमा आधारित छ। यहाँका प्रमुख आर्थिक गतिविधिहरु तालिका ४ मा दिइएको छ।

**तालिका ४ मुख्य आर्थिक गतिविधिहरु**

| क्षेत्र | मुख्य गतिविधि |
|---|---|
| कृषि उपादन | धान, मकै, गहुँ, जस्ता खाद्यान्न उत्पादन ७००० मे.टन र तरकारी र फलफुल उत्पादन क्रमश: २६० र १२०० मे.टन रहेको अवस्था छ । |
| बागबानी | खास गरी सुन्तला र किवी |
| जडीबुटी | विशेषगरी टिमुर |
| पशुपक्षी | व्यावसायिक गाई भैंसी फार्म २१, व्यावसायिक बाखा फार्म ४२, व्यावसायिक हाँस, कुखुरापालन फार्म १५ र अन्य किसानहरुबाट पशुपक्षीपालनको कार्य भईरहेको । |
| सिँचाइ | जम्मा खेतीयोग्य जमिन हेक्टरको १३४४.१ मध्ये १०४८.३९ हेक्टर |
| उद्योग तथा वाणिज्य व्यापार र सेवा | लघु, घरेलु तथा साना उद्योग र वाणिज्य लगायत अटो रिक्सा सहित जम्मा ३३२ सङ्गठित उद्योग तथा वाणिज्य निकाय छन् र यो क्षेत्रले ४०२ रोजगारी सिर्जना गरेको अवस्था छ । |
| पर्यटन | सालाना आउँने पर्यटक ४००० र पर्यटन व्यवसायी १ छन् । यो क्षेत्रले ४ जनालाई रोजगारी प्रदान गर्दै आएको छ । |
| सहकारी | जम्मा सहकारी सङ्ख्या १५ सहकारी सदस्यहरु २७४५ र लगानी रु. २७४५५८३५ |
| अन्य रोजगारी क्षेत्र | ११३६७ रोजगार मध्ये कृषि तथा पशुपालनमा ८९५९ (८१.६७ प्रतिशत) रहेको र बाँकी अन्य सरकारी सेवा, शैक्षिक सेवा र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था, निजी क्षेत्रमा रहेको अवस्था |
| वैदेशिक रोजगारी | विशेष गरी खाडी मुलुक र भारत |

## ख. आर्थिक रूपमा सक्रिय जनसङ्ख्या

यस गाउँपालिकामा १० वर्ष माथिको जनसङ्ख्या १७०४२ रहेकामा केवल ६६०८ मात्र रोजगार रहेको अवस्था छ । विस्तृत तल तालिका ५ मा उल्लेख छ ।

**तालिका ५ आर्थिक रूपमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या**

| लिङ्ग | १० वर्ष माथिको जम्मा जनसङ्ख्या | आर्थिक रूपमा सक्रिय | | | आर्थिक रूपले निष्क्रिय |
|---|---|---|---|---|---|
| | | प्राय: सक्रिय | | प्राय: निष्क्रिय | |
| | | रोजगार | बेरोगार | | |
| **जम्मा** | १७०४२ | ६६०८ | ३९५ | ४७६६ | ५२४१ |
| **पुरुष** | ७८७१ | ३४८९ | २३८ | १९३१ | २२०० |
| **महिला** | ९१७१ | ३११९ | १५७ | २८३५ | ३०४१ |

**राष्ट्रिय जनगणना २०७८**

## ग. बसोवासको अवस्था

मानिसको रहन सहनको मापन घरको वनोटले पनि झल्कन्छ । घरको स्तर मापनका विविध तरिकामध्ये छानाको प्रकारलाई लिएर हेर्दा **राष्ट्रिय जनगणना २०७८** अनुसार यस छत्रेश्वरी गाउँपालिकाभित्र रहेको ५१३९ घरधुरी मध्ये ४०१६ (७८.१५ प्रतिशत) घरधुरी कर्कटपाताले छाएको अवस्था छ भने अझै पनि ३४१ घर खर तथा परालले छाएको अवस्थामा रहेका छन् । विस्तृत विवरण तल तालिका ६ मा उल्लेख छ ।

**तालिका ६ छानाको प्रकार अनुसारका घरहरुको सङ्ख्या**

| वडाहरु | जम्मा | छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | टिनको छाना भएको | ढलान छत भएको | खर तथा परालको छाना | टायल | ढुंगा तथा स्लेट | काठ तथा तखता | माटो | अन्य |
| सबै वडाहरु | ५१३९ | ४०१६ | २६३ | ३४१ | ६९ | ४४३ | ० | ३ | ४ |
| १ | ६२६ | ३६८ | ७ | २५ | ६१ | १६५ | ० | ० | ० |
| २ | ७३८ | ५५५ | १३ | ३२ | ० | १३८ | ० | ० | ० |
| ३ | ६८५ | ५४७ | १३ | ९३ | ० | ३१ | ० | १ | ० |
| ४ | ७३७ | ५८५ | ८ | ७२ | ० | ७२ | ० | ० | ० |
| ५ | ७७३ | ६३३ | २२ | ८६ | ७ | २५ | ० | ० | ० |
| ६ | ८९१ | ६९३ | १६७ | २१ | ० | १० | ० | ० | ० |
| ७ | ६८९ | ६३५ | ३३ | १२ | १ | २ | ० | २ | ४ |

**राष्ट्रिय जनगणना २०७८**

## २.५ सिँचाइ

छत्रेश्वरी गाउँपालिका कृषि प्रधान क्षेत्र भएको हुँदा सिँचाइको सुविधा अपरिहार्य छ । भौगोलिक बनावट पहाडी र डाँडाकाँडा भएको हुँदा सिँचाइ सुविधा सहज भने छैन तापनि परम्परागत र केही आधुनिक उपायहरु अवलम्बन भई जम्मा खेती गरिएको १०४८.३९ हेक्टर जमिनमध्ये १२ महिना सिञ्चित २९० र १०० हेक्टर आंशिक अवस्थामा रहेको छ । पालिकाको धैरै जसो खेती मनसुन वर्षामा आधारित भएको तर अनियमित वर्षाका कारण उत्पादनमा असर परेको अवस्था छ ।

समग्रमा छत्रेश्वरी गाउँपालिकाभित्र सिँचाइका समस्या तथा चुनौतीहरु छन् । जस्तैः

- पहाडी भूभागका कारण नहर विस्तार गर्न कठिन,
- वर्षैभरीका लागि पानीको स्थायी स्रोतको अभाव
- आधुनिक सिँचाइ प्रविधिमा प्रचुर लगानी गर्न बजेटको अभाव ।

यसका बाबजुद यस गाउँपालिकाभित्र निम्न प्रकारका सम्भावना तथा सिँचाइमा सुधारका उपायहरु रहेका छन,

- भैरहेका मुहान संरक्षण गरी जलस्रोत व्यवस्थापन गर्न सकिने
- साना साना लिफ्ट तथा माइको इरिगेसन प्रणाली विस्तार गर्न सकिने
- वर्षाको पानी सङ्कलन विधि अपनाउँन सकिने
- आधुनिक प्रविधि जस्तैः थोपा सिँचाइ तथा स्प्रिङ्कलको प्रयोग गर्न सकिने

समग्रमा, छत्रेश्वरी गाउँपालिकामा सिँचाइ सुविधा अझै विकासको चरणमा रहेको छ र अधिकांश खेती वर्षामा निर्भर छ । तर साना सिँचाइ आयोजना, आधुनिक प्रविधि र जलस्रोतको उचित व्यस्थापन गरेर कृषि उत्पादनमा उल्लेख्य सुधार गर्न सकिने छ ।

## २.६ पर्यटन

ग्रामीण पर्यटन स्थानीयको आयआर्जनको बलियो स्रोत हो । छत्रेश्वरीको प्रमुख पर्यटन क्षेत्र प्राकृतिक सौन्दर्य, धार्मिक स्थल, सांस्कृतिक सम्पदा र ग्रामीण जीवनशैलीमा आधारित रहेको छ । समग्रमाभन्दा छत्रेश्वरीमा निम्न प्रकारका पर्यटन क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको छ ।

क. **प्राकृतिक पर्यटनः** जस्तैः हाईकिङ, पदयात्रा, ग्रामीण प्राकृतिक सौन्दर्य दृश्यावलोकन तथा जैविक विविधता अवलोकन ।

ख. **धार्मिक पर्यटनः** जस्तैः छत्रेश्वरी भगवती मन्दिर जस्ता धार्मिक स्थलहरु र स्थानीय मेलापर्व, जात्रा र परम्परागत संस्कृतिहरु ।

ग. **ग्रामीण तथा सामुदायिक पर्यटनः** जस्तैः स्थानीय रहनसहनमा आधारित जीवन शैली तथा स्थानीयसँगको बसोवासका लागि होमस्टे, स्थानीय खानपान र संस्कृतिको अनुभव आदि ।

घ. **साहसिक पर्यटनः** यहाँका डाँडाहरु, जंगल र भू-भाग ट्रेकिङ, जंगल भ्रमण जस्ता पर्यटनको विकास ।

यति हुँदाहुँदै पनि लगानी तथा योजनाको अभाव, प्रचार प्रसारको कमी र सडक, होटल तथा अन्य पूर्वाधारको अभावले पर्यटन क्षेत्रलाई पछाडि पारेको अवस्था छ ।

## २.७ सामाजिक अवस्था

छत्रेश्वरी गाउँपालिका ग्रामीण तथा पहाडी भेगमा अवस्थित भएकाले यहाँको सामाजिक अवस्था परम्परागत संरचना, सांस्कृतिक विविधता सीमित पूर्वाधारको मिश्रणका रूपमा देखिन्छ र विभिन्न जात जातिको बसोवास भएको क्षेत्र हो । एक अनौपचारिक क्षेत्रबाट प्राप्त तथ्याङ्क अनुसार यहाँको जातीय संरचना निम्न तालिका ७ अनुसार रहेको छ ।

**तालिका ७ जातजाति अनुसार जनसंख्याको प्रतिशत**

| सि.नं. | जातजाति | अनुमानित प्रतिशत |
|---|---|---|
| १ | ब्राह्मण | २८ |
| २ | क्षेत्री | ३२ |
| ३ | मगर | १८ |
| ४ | कामी (दलित) | ८ |
| ५ | दमाई (दलित) | ६ |
| ६ | सार्की | ४ |
| ७ | अन्य जातजाति | ४ |

### क. शिक्षा

यस गाउँपालिकाभित्र जम्माजम्मी सरकारी तथा निजी गरेर ४३ वटा विभिन्न स्तरका विद्यालयहरु रहेका छन् र विद्यालयहरुको तह निम्न अनसुार रहेको छः

१. बालविकास ४० वटा
२. आधारभूत २९ वटा
३. माध्यमिक ९ वटा

४. क्याम्पस १ वटा

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाभित्रको ५ वर्षभन्दा माथिको उमेर समूहको औसत साक्षरता दर ७७.७० छ जस्को विवरण तल तालिका ८ अनुसार रहेको छ ।

**तालिका ८ साक्षरता विवरण**

| वडा नं. | लिङ्ग | ५ वर्ष र सो माथिको जनसङ्ख्या | जनसङ्ख्या जो | | | नभनेको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | लेख्न र पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेख्न र पढ्न नसक्ने | | |
| **सबै वडा** | **जम्मा** | १९०७६ | १४८२३ | ६४ | ४१७१ | १८ | ७७.७० |
| | **पुरुष** | ८८८४ | ७६२० | २९ | १२२३ | १२ | ८५.७७ |
| | **महिला** | १०१९२ | ७२०३ | ३५ | २९४८ | ६ | ७०.६७ |
| **१** | **जम्मा** | २४२७ | १९८६ | २ | ४३४ | ५ | ८१.८३ |
| | **पुरुष** | ११६६ | १०३२ | २ | १२९ | ३ | ८८.५१ |
| | **महिला** | १२६१ | ९५४ | ० | ३०५ | २ | ७५.६५ |
| **२** | **जम्मा** | २७१६ | २२१४ | १ | ५०१ | ० | ८१.५२ |
| | **पुरुष** | १२२८ | १०७७ | १ | १५० | ० | ८७.७० |
| | **महिला** | १४८८ | ११३७ | ० | ३५१ | ० | ७६. ४१ |
| **३** | **जम्मा** | २४७७ | १८६२ | १४ | ६०० | १ | ७५.१७ |
| | **पुरुष** | ११०४ | ९३० | ५ | १६८ | १ | ८४.२४ |
| | **महिला** | १३७३ | ९३२ | ९ | ४३२ | ० | ६७.८८ |
| **४** | **जम्मा** | ३०८४ | २३८८ | २ | ६९४ | ० | ७७.४३ |
| | **पुरुष** | १४८१ | १२०९ | १ | २७१ | ० | ८१.६३ |
| | **महिला** | १६०३ | ११७९ | १ | ४२३ | ० | ७३.५५ |
| **५** | **जम्मा** | २९६० | २२२६ | ४० | ६८५ | ९ | ७५.२० |
| | **पुरुष** | १४३१ | ११९८ | १८ | २०९ | ६ | ८३.७२ |
| | **महिला** | १५२९ | १०२८ | २२ | ४७६ | ३ | ६७.२३ |
| **६** | **जम्मा** | २९९८ | २४०७ | ५ | ५८६ | ० | ८०.२९ |
| | **पुरुष** | १३५७ | १२२८ | २ | १२७ | ० | ९०.४९ |
| | **महिला** | १६४१ | ११७९ | ३ | ४५९ | ० | ७१.८५ |
| **७** | **जम्मा** | २४१४ | १७४० | ० | ६७१ | ३ | ७२.०८ |
| | **पुरुष** | १११७ | ९४६ | ० | १६९ | २ | ८४.६९ |
| | **महिला** | १२९७ | ७९४ | ० | ५०२ | १ | ६१.२२ |

**राष्ट्रिय जनगणना २०७८**

## ख. स्वास्थ्य तथा पोषण

यस गाउँपालिकामा स्वास्थ्य चौकी ३ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र ३ वटा, गाउँघर क्लिनिक १९ वटा, खोप केन्द्र २२ वटा, बर्थिङ्ग सेन्टर ५ वटा र प्राथमिक स्वास्थ्य सेवा केन्द्र १ वटा रहेका छन् । यी संस्थामा पर्याप्त र उपयुक्त आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा सामग्रीको व्यवस्था भएर पनि कतिपय स्वास्थ्य सङ्स्थाहरुमा न्यूनतम पूर्वाधार र उपकरणहरु र आवश्यकताअनुसार दक्ष स्वास्थ्यकर्मीको पनि कमी रहेको अवस्था छ। गाउँपालिका क्षेत्रमा विशेषगरी श्वासप्रश्वासजन्य रोग, पानीजन्य रोग, दमको बिरामी र महिलामा पाठेघरको समस्या रहेको पाइन्छ । गाउँपालिकाको स्वास्थ्य शाखाका अनुसार पालिकाभरिमा ९६ जना बालबालिका कुपोषित रहेको अवस्था छ ।

### ग. खानेपानी तथा सरसफाइ

**खानेपानी उपभोगको आधारमा घरपरिवारः**

खानेपानीको सुविधाका हिसाबले घरपरिवारले पाएको सुविधालाई ध्यानमा राखी २०७८ को राष्ट्रिय जनगणनाको आँकडा लिँदा यस छत्रेश्वरी गाउँपालिकाका ५१३९ घरपरिवारमध्ये सबैभन्दा धेरै ४८३५ परिवारको पाइपको पानीमा पहुँच रहेको छ। विस्तृत तल तालिका ९ मा उल्लेख छ।

**तालिका ९ खानेपानी उपभोगका आधारमा घर सङ्ख्या**

| वडाहरु | जम्मा | मूल स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घर कम्पाउन्ड भित्रै धारा तथा पाइप | धारा तथा पाइपको घर कम्पाउन्ड बाहिर | इनार तथा कल | ढाकिएको इनार तथा कुवा | नढाकिएको इनार तथा कुवा | सङ्कलित पानी | खोला तथा खोल्साको पानी | जार तथा बोतल | अन्य |
| सबै वडा | ५१३९ | १६६९ | ३१६६ | ० | ९ | ६८ | १९९ | २५ | ० | ३ |
| १ | ६२६ | १७८ | ४२१ | ० | ० | ३ | २४ | ० | ० | ० |
| २ | ७३८ | ४९८ | २०८ | ० | १ | ८ | २० | ३ | ० | ० |
| ३ | ६८५ | ३३४ | २७९ | ० | २ | १८ | ४६ | ५ | ० | १ |
| ४ | ७३७ | २६८ | ४४३ | ० | ० | १५ | १० | १ | ० | ० |
| ५ | ७७३ | ७० | ६२४ | ० | ० | १ | ६५ | १२ | ० | १ |
| ६ | ८९१ | २४५ | ६०७ | ० | ६ | २१ | ९ | ३ | ० | ० |
| ७ | ६८९ | ७६ | ५८४ | ० | ० | २ | २५ | १ | ० | १ |

**राष्ट्रिय जनगणना २०७८**

**शौचालय उपयोगका आधारमा घरपरिवार**

शौचालय उपयोग स्थानीयको जीवनस्तर मापनका आधारहरूमध्ये एक हो। २०७८ को राष्ट्रिय जनगणनाका आधारमा निम्नलिखित तालिका १० को विश्लेषण गर्दा छत्रेश्वरी गाउँपालिकाका जम्मा ५१३९ घरपरिवारमध्ये केवल ११७ परिवारले ढलसहित फ्लस भएको शौचालय प्रयोग गरेको अवस्था छ भने जम्मा ४०४७ घरपरिवारले फ्लस भएको तर, सेफ्टी टंकी भएको शौचालय प्रयोग गर्छन्। जबकि ८९३ घरपरिवार खाल्टे चर्पीको भरमा छन् र जम्मा १ परिवार सार्वजनिक शौचालय प्रयोग गर्छन्। आजको युगमा पनि ८१ (१.५८ प्रतिशत) घरपरिवार शौचालयविहीन छन्। यो तथ्यलाई हेर्दा पालिकाले सरसफाइ क्षेत्रमा अझ बढी ध्यान दिनुपर्ने अवस्था छ।

**तालिका १० शौचालय प्रयोगका आधारमा घरपरिवार**

| वडा नं. | जम्मा | शौचालय उपयोगको प्रकार | | | | शौचालय नभएका |
|---|---|---|---|---|---|---|
| | | ढल सहित फ्लस भएको | फ्लस भएको (सेफ्टी टंकी) | खाल्टे चर्पी | सार्वजनिक शौचालय | |
| जम्मा सबै वडाको | ५१३९ | ११७ | ४०४७ | ८९३ | १ | ८१ |
| १ | ६२६ | १४ | ६०५ | ३ | ० | ४ |
| २ | ७३८ | २० | ६५६ | ५१ | ० | ११ |
| ३ | ६८५ | १० | ३७३ | २९६ | १ | ५ |
| ४ | ७३७ | ५२ | ५४४ | १३१ | ० | १० |
| ५ | ७७३ | ६ | ५१९ | २३७ | ० | ११ |
| ६ | ८९१ | ६ | ७१२ | १५४ | ० | १९ |
| ७ | ६८९ | ९ | ६३८ | २१ | ० | २१ |

**राष्ट्रिय जनगणना २०७८**

### घ. खाना पकाउने प्रयोग हुने इन्धन

खाना पकाउने इन्धनको उपयोगको आधारमा घरपरिवारको विश्लेषण गर्दा २०७८ को राष्ट्रिय जनगणनाको आँकडाअनुसार जम्मा ५१३९ घरपरिवारमध्ये ३६३ परिवार मात्र खाना पकाउँन ग्याँस प्रयोग गर्दछन् भने अझैपनि पहिलो नम्बरमा ४७५६परिवार अर्थात् ९२.५५ प्रतिशत खाना पकाउन दाउरा प्रयोग गर्छन्। विस्तृत विवरण तल तालिका ११ मा दिइएको छ।

**तालिका ११ खाना पकाउन इन्धन उपभोगका आधारमा घरपरिवार सङ्ख्या**

| वडा नं. | जम्मा | इन्धनको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | ग्याँस | बिजुली | गुइठा | बायो ग्याँस | मट्टितेल | अन्य |
| **जम्मा सबै वडाको** | ५१३९ | ४७५६ | ३६३ | ३ | ० | १२ | ४ | १ |
| १ | ६२६ | ६११ | ७ | ० | ० | ८ | ० | ० |
| २ | ७३८ | ७३१ | ५ | ० | ० | २ | ० | ० |
| ३ | ६८५ | ६५८ | २५ | ० | ० | २ | ० | ० |
| ४ | ७३७ | ७१३ | २१ | ० | ० | ० | ३ | ० |
| ५ | ७७३ | ७५४ | १८ | १ | ० | ० | ० | ० |
| ६ | ८९१ | ६३५ | २५३ | २ | ० | ० | ० | १ |
| ७ | ६८९ | ६५४ | ३४ | ० | ० | ० | १ | ० |

## २.८ पूर्वाधार तथा सेवा सुविधा तथा पूर्वाधारको अवस्था:

**क. शिक्षा:** यस गाउँपालिकाभित्र जम्माजम्मी सरकारी तथा निजी गरेर  ४३ वटा विभिन्न स्तरका विद्यालयहरु रहेका छन् जसमा विद्यालयहरुको तह अनुसार:

१. बालविकास ४० वटा
२. आधारभूत  २९ वटा (४० भित्र पर्ने)
३. माध्यमिक ९ वटा
४. क्याम्पस १

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाभित्रको ५ वर्षभन्दा माथिको उमेर समूहको औसत साक्षरता दर ७७.७० छ।

**ख. स्वास्थ्य:** यस गाउँपालिकामा स्वास्थ्य चौकी ३ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र ३ वटा, गाउँघर क्लिनिक १९ वटा, खोप केन्द्र २२ वटा, बर्थिङ्ग सेन्टर ५ वटा र प्राथमिक स्वास्थ्य सेवा केन्द्र १ वटा रहेका छन्।

**ग. खानेपानी:** खानेपानीको सुविधाका हिसाबले घरपरिवारले पाएको सुविधालाई ध्यानमा राखी २०७८ को राष्ट्रिय जनगणनाको आँकडा लिँदा यस छत्रेश्वरी गाउँपालिकाका ५१३९ घरपरिवारमध्ये सबैभन्दा धेरै ४८३५ परिवारको पाइपको पानीमा पहुँच रहेको छ।

**घ. सिँचाइ:** छत्रेश्वरी गाउँपालिका कृषि प्रधान क्षेत्र भएको हुँदा सिँचाइको सुविधा अपरिहार्य छ। भौगोलिक बनावट पहाडी र डाँडाकाँडा भएको हुँदा सिँचाइ सुविधा सहज भने छैन तापनि परम्परागत र केही आधुनिक उपाहरु अवलम्बन भई जम्मा खेती गरिएको १०४८.३९ हेक्टर जमिन मध्ये १२ महिना सिञ्चित २९० र १०० हेक्टर आंशिक अवस्थामा रहेको छ। पालिकाको धेरै जसो खेती मनसुन वर्षामा आधारित भएको तर अनियमित वर्षाका कारण उत्पादनमा असर परेको अवस्था छ।

**ङ. सडक सञ्जाल:** छत्रेश्वरी गाउँपालिका आधुनिक सडक, बस पार्क र आन्तरिक सडकको सञ्जाल भएको अवस्था छ । पालिकाभरिमा जम्माजम्मी ३.२ कि.मि कालोपत्रे सडक रहेको छ भने ७० कि.मि.भन्दा बढी कच्ची बाटो रहेको अवस्था छ ।

**च. ऊर्जा :** गाउँपालिकाका ५१३९ घर परिवारमध्ये मा करिब १३० घरपरिवारमा विद्युत् सेवा पुग्न बाँकी भएकोमा ती धरपरिवारलाई विद्युत् ऊर्जामा पहुँच वृद्धि गरी उज्यालो छत्रेश्वरी बनाइएको अवस्था छ ।

**बत्ती बाल्न प्रयोग हुने ऊर्जा**

यस पालिकामा विद्युतीकरणको अवस्था राम्रो छ । २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क हेर्दा ५१३९ घरपरिवारमध्ये ३९५१ परिवारले उज्यालोको लागि बिजुली बत्तीको प्रयोग गर्छन् । विस्तृत तालिका १२ मा दिइएको छ ।

**तालिका १२ बत्ती बाल्न प्रयोग भएको ऊर्जाका आधारमा घरपरिवार**

| वडा नं. | जम्मा | बत्ती बाल्न प्रयोग हुने ऊर्जाको प्रकार | | | | |
|---|---|---|---|---|---|---|
| | | बिजुली | सोलार | मट्टितेल | बायो ग्याँस | अन्य |
| **जम्मा सबै वडाको** | ५१३९ | ३९५१ | १०५८ | ४४ | १ | ८५ |
| १ | ६२६ | ५९० | २८ | १ | ० | ७ |
| २ | ७३८ | ७०९ | १३ | ५ | १ | १० |
| ३ | ६८५ | ५४३ | १२९ | १ | ० | १२ |
| ४ | ७३७ | २६३ | ४५४ | २ | ० | १८ |
| ५ | ७७३ | ४०६ | ३४८ | ८ | ० | ११ |
| ६ | ८९१ | ८३० | ३५ | १० | ० | १६ |
| ७ | ६८९ | ६१० | ५१ | १७ | ० | ११ |

**छ. अन्य सेवा सुविधा:**

राष्ट्रिय जनगणना २०७८ अनुसार अन्य प्रकारको सेवा सुविधाका हिसावले विश्लेषण गर्दा छत्रेश्वरी गाउँपालिकाका ५१३९ घरधुरीमध्ये ४९९७ घरधुरी कुनै न कुनै सेवा सुविधामा आवद्ध छन् र टेलिभिजनमा १५८० घरधुरी तथा मोवाइल फोनमा ७९७१ जना तथा इन्टरनेटमा १०७५ घरधुरीको पहुँच पुगेको अवस्था छ ।

## २.९ वातावरण

छत्रेश्वरी पर्यावरणीय दृष्टिले उल्लेखनीय सम्भावना बोकेको पालिका हो । यहाँको भौगोलिक बनावट, हरियालीयुक्त डाँडाकाँडा, समशीतोष्ण जलवायु, जैविक विविधतायुक्त वन तथा सामुदायिक वनहरु, मुहान, खोल्सा तथा साना नदीहरुका कारण जलस्रोत र प्राकृतिक सम्पदा वातावरणीय समृद्धिका आधार हुँन् । यहाँका नदी प्रणालीका जलस्रोतले पालिकालाई प्राकृतिक सुन्दरता दिनुका साथै खानेपानी र सिँचाइका स्रोत बनेका हुँदा पानीका मुहान संरक्षण र जैविक विविधताका रूपमा पालिका वरपरका जंगलमा वन्य जन्तु, चराचुरुङ्गी, औषधीजन्य वनस्पति रहेको अवस्था छ । तर अत्यधिक दाउराको प्रयोग, माटो कटान तथा पहिरो जोखिम, जलवायु परिवर्तनको असर र पानीका स्रोतहरु सुक्दै जानु यस पालिकाभित्रका केही वातावरणीय चुनौतीहरु पनि रहेका छन् ।

# परिच्छेद् ३: क्षमता विकासको समग्र लेखा जोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार स्थानीय सरकारको क्षमता विकासलाई संस्थागत र मानव संसाधन क्षमता विकास गरी दुई आयाममा विभाजन गरी सोही अनुकूलका प्रक्रियाबाट क्षमता योजना निर्माणलाई अगाडि बढाइएको छ ।

## ३.१ संस्थागत क्षमता विकास तीन आयाम

सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषण गर्न सकिन्छ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनुकूलन हुँने गरी आवश्यक सङ्ख्यामा मानव संसाधनको व्यवस्था र तिनीहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्ने गरी ज्ञान, सीप र क्षमताको विकास गर्नु जरुरी छ । यसका अतिरिक्त गाउँपालिकाले जनसमक्ष घरघरै र निरन्तर पुऱ्याउँनु पर्ने सेवाहरु पनि हुन्छन् जस्तै कृषि सेवा, पशु सेवा, खानेपानीहरुको मर्मत सेवा, बाली तथा पशु बीमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरु गाउँपालिका तथा वडामा रहेको सीमित जनशक्तिबाट मात्र सम्भव नहुँने हुँदा अन्य सरोकारवालाहरु तथा बस्तीस्तरकै युवा युवतीको क्षमता विकास गरी सेवा बजारहरुको स्थापना गर्दा गाउँपालिकाबाट प्रवाह हुँने कतिपय सेवाहरु स्थानीय स्तरबाटै प्रवाह हुँन सक्ने बनाउँनु पनि क्षमता विकासको परिधि भित्र पर्न जान्छ ।

**क्षमता विकासका तीन आयाम:**




## ३.२ छत्रेश्वरी गाउँपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची २, ३ र ५ अनुसार स्थानीय सरकार संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा, संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा, आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गर्दा विकास व्यवस्थापन, संस्थागत संरचना तथा सङ्गठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, राजस्व परिचालन र वित्तीय अनुशासन जस्ता एकल साझा तथा संघीय कानुनबाट व्यवस्थित अधिकारहरुको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधन

व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संसाधन प्राप्ति र तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान जस्ता हरेक क्षेत्रमा क्षमता विकासका लागि माग भएको छ ।

**आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्तर्गत**

१. **मागमा आधारित क्षमता लेखाजोखा:** दिग्दर्शनको अनुसूची २ अन्तर्गतका क्षमता विकास क्षेत्र जस्तै: विकास व्यवस्थापन, संस्थागत संरचना तथा सँगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन र समन्वय र सहकार्य जस्ता विषयहरुका अतिरिक्त मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण जस्ता अतिरिक्त विषयहरुमाथि शाखागत रूपमा छलफल हुँदा अधिकांश शाखाहरुबाट माथि भनिएका क्षमता विकास क्षेत्रमा अभिमुखीकरण तथा तालिमहरुको अपेक्षा गरिएको छ भने दिग्दर्शनकै अनुसूची ३ अन्तर्गत नेतृत्व तहको क्षमता लेखाजोखा हुँदा पनि क्षमता विकासका हरेक क्षेत्रमा प्रशिक्षण, अनुशिक्षण, स्रोत साधनको व्यवस्थापन, थप कर्मचारी दरबन्दी जस्ता कुराहरु माग भएको अवस्था छ ।

२. **आपूर्तिमा आधारित क्षमता लेखाजोखा:** त्यसै गरी अनुसूची ५ को आपूर्तिमा आधारित क्षमताको लेखा जोखा अन्तर्गत गाउँ तथा नगरपालिकाको अधिकारको उपयोगको अवस्था, ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था, शाखा तथा एकाइगत कर्मचारी तथा पूर्वाधार अवस्था र नयाँ अवधारणा, नीति तथा सूचना प्राविधिको उपयोगको विश्लेषण गर्दा केही ऐन नियम तथा कार्यविधिहरु त्यार गर्न बाकी भएको अवस्था, कर्मचारी दरबन्दी थपको व्यवस्था र नया अवधारण अन्तर्गत केही योजना र गुरुयोजना तयारी तथा अद्यावधिक गर्नु पर्नेजस्था विषयहरुको योजना बनाउँनु पर्ने देखियो ।***(लेखा जोखाको विस्तृत विवरण अनुसूची १ देखि ३ सम्म र क्षमता विकास योजनाको विवरण तल तालिका २ मा दिइएको छ)***

## ३.३ मानव संसाधनको क्षमता विकास लेखा जोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची ८, र ९ अनुसार स्थानीय सरकार विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (शाखागत रूपमा) र स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा (विषयक्षेत्रगत रूपमा) क्षमता विकास आवश्यकताको लेखाजोखा गर्दा आवश्यक ठानिएका ज्ञान, सीप र दक्षता वृद्धिका लागि सामान्यतया निम्न अनुसार अपेक्षा गरिएको अवस्था छ,

- दिग्दर्शनको अनुसूची ८ अन्तर्गत सबै शाखाका कर्मचारीले स्वमूल्याङ्कन गरी आफ्नो तोकिएको जिम्मेवारी पुरा गर्न ज्ञान, सीप र क्षमता माध्यम रहेको जाहेर गरेका छन् र थप क्षमता विकासमा कुनै अपेक्षा नराखेको अवस्था छ ।
- त्यसैगरी, दिग्दर्शनको अनुसूची ९ अन्तर्गत विषयगत क्षेत्रका रूपमा स्थानीय सरकारको विद्यमान मानव संसाधनको क्षमता लेखाजोखा गर्दा विभिन्न नेतृत्व तह, वडासमिति तथा कर्मचारी र पालिकाका विभिन्न कर्मचारीलाई विभिन्न विषय खास गरी पालिका तथा वडाका जनप्रतिनिधि, पालिकाका विभिन्न तहका कर्मचारी र वडा सचिवहरुलाई विभिन्न प्रकारका तालिम तथा प्रशिक्षणहरुको माग भएको अवस्था छ । ***(लेखाजोकाको विस्तृत विवरण अनुसूची ४ र ५मा) र क्षमता विकास योजनाको विवरण तल तालिका ३ मा दिइएको छ)***

# परिच्छेद् ४: समग्र योजना खाका

## ४.१ संस्थागत क्षमता विकास एक परिचय

स्थानीय सरकारको संस्थागत क्षमता विकासभित्र उसको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि तथा उसको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्था हो । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, सङ्गठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा सीप, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउँने र दिगोपनाका लागि मूल्य, धारणा र उत्प्रेरणाका मुद्दाहरुलाई सम्बोधन गर्नु पर्ने हुँदा यसलाई व्यक्तिको ज्ञान, सीप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपायको रूपमा उपयोग गर्नु पर्ने हुन्छ ।

त्यसैले संस्थागत क्षमता विकासले सङ्गठनको उद्देश्य हासिल गर्नका लागि सङ्गठन संरचना, नीति तथा कार्य प्रक्रिया, स्रोत तथा व्यवस्थापनका मुद्दाहरुलाई सम्बोधन गर्नुपर्ने हुँदा सो को विश्लेषणलाई बढी ध्यान दिइएको थियो जसको माध्यमले व्यक्ति, सङ्गठन र समाजमा आइपर्ने समस्याहरु समाधान गर्न, सम्भावनाहरुको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरु प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ ।

तसर्थ पुराना तथा अनुपयुक्त क्षमताहरुलाई हटाउने वा रूपान्तरण गर्न विद्यमान क्षमतालाई अधिकतम प्रयोग गर्न, विद्यमान क्षमताको विकास तथा सुदृढीकरण गर्न र नयाँ क्षमता स्थापना गर्ने विषयमा विश्लेषण र योजना तयारीलाई भौतिक स्रोत साधन, ऐन, नियम, विधि र प्रणाली, मानव संसाधन व्यवस्था गरी चार भागमा छुट्याएर विश्लेषण गरिएको छ ।

## ४.२ स्थानीय सरकारको क्षमता विकास योजना (अनुसूची ७)

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार गाउँपालिकाका कर्मचारी तथा प्रतिनिधि तथा वडा सचिवहरु लगायत र सरोकारवालाहरुलाई एक दिने अनुशिक्षण पश्चात् दिग्दर्शनको अनुसूची २ देखी ५ सम्मका फारामहरु प्रयोग गरी लेखाजोखा गरी तालिका २ अनुसारको योजना तयार गरिएको छ ।

**तालिका १३ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूची ७ मा आधारित)**

| क्षमता विकासका क्रियाकलापहरु | एकाइ | परिमाण | मुख्य जिम्मेवारी | समयावधि/बजेट | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | आन्तरिक | बाह्य |
| **१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित** | | | | | | | | | |
| वडा नं. १, २, ३ र ७, आ.ले.प. तथा राजस्व शाखालाई डेस्कटप कम्प्युटर | सङ्ख्या | ७ | प्र प्र.अ, खरिद शाखा | २ | २ | ३ | ७ | | |
| **बजेट** | रु. | | | १५0000 | १५0000 | २२५000 | ५२५000 | ५२५000 | 0 |
| वडा नं. १, २, ५ र ७, उद्यम विकास शाखा र योजना तथा अनुगमन शाखालाई ल्याप्टप | सङ्ख्या | ८ | प्र प्र.अ, खरिद शाखा | २ | ३ | ३ | ८ | | |
| **बजेट** | रु. | | | १८0000 | २७0000 | २७0000 | ७२0000 | ७२0000 | 0 |
| वडा नं. ५ लाई प्रिन्टर | सङ्ख्या | १ | | 0 | १ | 0 | १ | | |
| **बजेट** | रु. | | | 0 | ४0000 | 0 | ४0000 | ४0000 | 0 |
| वडा नं. १, ५, भौतिक पूर्वाधार/वन वातावरण शाखा, पशु सेवा शाखा र योजना तथा अनुगमन शाखालाई मोटरसाइकल | सङ्ख्या | ८ | प्र प्र.अ, खरिद शाखा | २ | ३ | ३ | ८ | | |
| **बजेट** | रु. | | | ७३0000 | १0९५000 | १0९५000 | २९२0000 | २000000 | ९२0000 |
| उद्यम विकास शाखा र आ.ले.प. र राजस्व शाखालाई स्कुटर | सङ्ख्या | २ | प्र प्र.अ, खरिद शाखा | 0 | १ | १ | २ | | |
| **बजेट** | रु. | | | 0 | १५0000 | १५0000 | ३00000 | ३00000 | |
| योजना तथा अनुगमन शाखालाई चारपाङ्ग्रे सवारीसाधन | सङ्ख्या | १ | प्र प्र.अ, खरिद शाखा | 0 | 0 | १ | १ | | |
| **बजेट** | रु. | | | 0 | 0 | ३५00000 | ३५00000 | 0 | ३५00000 |
| वडा नं. १, २, ३, ७, सामी एकाइ, आ.ले.प./राजस्व शाखा, पशु सेवा, खानेपानी सरसफाइ एकाइलाई टेवल | सङ्ख्या | २0 | प्र प्र.अ, खरिद शाखा | ६ | ६ | ८ | २0 | | |
| **बजेट** | रु. | | | ६0000 | ६0000 | ८0000 | २00000 | २00000 | |
| वडा नं. १, २, ३, ५, ६, ७ र पशु सेवा शाखालाई सोफा | सङ्ख्या | १७ | प्र प्र.अ, खरिद शाखा | ४ | ६ | ७ | १७ | | |
| **बजेट** | रु. | | | २00000 | ३00000 | ३५0000 | ८५0000 | ८५0000 | |
| वडा नं. १, २, ३, ४, ७, पशु सेवा शाखा र खानेपानी सरसफाइ एकाइलाई कुर्ची | सङ्ख्या | ७५ | प्र प्र.अ, खरिद शाखा | २५ | २५ | २५ | ७५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **बजेट** | रु. | | | ८७५०० | ८७५०० | ८७५०० | २६२५०० | २६२५०० | |
| वडा नं. १, ३, ५, ७, महिला तथा बालबालिका शाखा, पशु सेवा शाखा र खानेपानी सरसफाइ एकाइलाई दराज | सङ्ख्या | १८ | प्र प्र.अ, खरिद शाखा | ६ | ६ | ६ | १८ | | |
| **बजेट** | रु. | | | १५०००० | १५०००० | १५०००० | ४५०००० | ४५०००० | |
| उद्यम विकास शाखा र सामी एकाइलाई फाइलिङ र्‍याक | सङ्ख्या | २ | प्र प्र.अ, खरिद शाखा | १ | १ | ० | २ | | |
| **बजेट** | रु. | | | ५००० | ५००० | ० | १०००० | १०००० | |
| खानेपानी सरसफाइ एकाइलाई कुशन | सङ्ख्या | १० | प्र प्र.अ, खरिद शाखा | १० | ० | ० | १० | | |
| **बजेट** | रु. | | | ८००० | ० | ० | ८००० | ८००० | |
| सामी एकाइलाई फ्यान | सङ्ख्या | १ | प्र प्र.अ, खरिद शाखा | ० | १ | ० | १ | | |
| **बजेट** | रु. | | | ० | ३५०० | ० | ३५०० | ३५०० | |
| वडा नं. ३ र ६ लाई सि.सि. क्यामेरा | सङ्ख्या | २ | प्र प्र.अ, खरिद शाखा | १ | १ | ० | २ | | |
| **बजेट** | रु. | | | ५०००० | ५०००० | ० | १००००० | १००००० | |
| भौतिक पूर्वाधार/वन वातावरण शाखालाई इन्जिनियरिङ सहित र इन्जिनियरिङ प्रयोगशाला निर्माण | सङ्ख्या | १ | प्र प्र.अ, खरिद शाखा | १ | ० | ० | १ | | |
| **बजेट** | रु. | | | ५००००० | ० | ० | ५००००० | ५००००० | |
| गाउँपालिका कार्यालयमा स्तनपान कक्षको व्यवस्था | सङ्ख्या | १ | प्र प्र.अ, खरिद शाखा | ० | १ | ० | १ | | |
| **बजेट** | रु. | | | ० | १०००० | ० | १०००० | १०००० | |
| गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधि, प्रिन्टर र कम्प्युटर | सेट | ७० | प्र प्र.अ, खरिद शाखा | २० | २५ | २५ | ७० | | |
| **बजेट** | रु. | | | १०००००० | १२५०००० | १२५०००० | ३५००००० | २०००००० | १५००००० |
| गाउँपालिकालाई ब्याट्री ब्याकअप सिस्टम | सङ्ख्या | १ | प्र प्र.अ, खरिद शाखा | ० | १ | ० | १ | | |
| **बजेट** | रु. | | | ० | ५०००० | ० | ५०००० | ५०००० | |
| स्वास्थ्य शाखालाई डिजिटल एक्स-रे मेसिन र USG मेसिन | सेट | २ | प्र प्र.अ, खरिद शाखा | Refer to MTEF | | | | | |
| **बजेट** | रु. | | | ० | ० | ० | ० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पशु शाखालाई प्रयोगशाला | सङ्ख्या | १ | प्र प्र.अ, खरिद शाखा | ० | ० | १ | १ | | |
| **बजेट** | रु. | | | ० | ० | २०००००० | २०००००० | २०००००० | |
| पशु शाखालाई डिस्पेन्सरी रुम | सङ्ख्या | ७ | प्र प्र.अ, खरिद शाखा | २ | २ | ३ | ७ | | |
| **बजेट** | रु. | | | ३०००० | ३०००० | ४५००० | १०५००० | १०५००० | |
| **भौतिक स्रोत साधनसँग सम्बन्धित जम्मा बजेट रु** | | | | **३१५०५००** | **३७०१०००** | **९२०२५००** | **१६०५४०००** | **१०१३४०००** | **५९२००००** |
| **२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | | |
| छुटफुट राजस्व कार्यविधि निर्माण | सङ्ख्या | १ | प्र प्र.अ र राजस्व शाखा प्रमुख | १ | ० | ० | १ | | |
| **बजेट** | रु. | | | २००००० | ० | ० | २००००० | २००००० | |
| पशु सेवा तथा स्वास्थ्य नियमावली निर्माण | सङ्ख्या | १ | प्र प्र.अ र पशु सेवा शाखा प्रमुख | ० | १ | ० | १ | | |
| **बजेट** | रु. | | | ० | २००००० | ० | २००००० | २००००० | |
| आकस्मिक उपचार तथा महामारी नियन्त्रण कार्यविधि निर्माण | सङ्ख्या | १ | प्र प्र.अ र स्वास्थ्य शाखा प्रमुखा | ० | ० | १ | १ | | |
| **बजेट** | रु. | | | ० | ० | २००००० | २००००० | २००००० | |
| विभिन्न आवश्यक कानुन, कार्यविधि निर्माण | अनुमानित सङ्ख्या | ७ | प्र प्र.अ | २ | ३ | २ | ७ | | |
| **बजेट** | रु. | | | ८०००० | १२०००० | ८०००० | २८०००० | २८०००० | |
| **नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित जम्मा बजेट रु.** | | | | **२८००००** | **३२००००** | **२८००००** | **८८००००** | **८८००००** | **०** |
| **३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित** | | | **जिम्मेवारी** | | | | | | |
| राजस्व प्रमुखको व्यवस्था | जना | १ | प्र.प्र.अ | १ | ० | ० | १ | | |
| **बजेट** | रु. | | | | | | ० | | |
| योजना तथा अनुगमन शाखामा सहायक चौथो/पाचौँ र का.स. थप | जना | २ | प्र.प्र.अ | १ | १ | ० | २ | | |
| **बजेट** | रु. | | | | | | ० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी तथा सरसफाइ एकाइ प्रत्येक वडाको लागि कर्मचारी | जना | ७ | प्र.प्र.अ | २ | २ | ३ | ७ | | |
| **बजेट** | रु. | | | | | | ० | | |
| प्रत्येक वडामा पशु सेवा प्राविधिक | जना | ७ | प्र.प्र.अ | ३ | २ | २ | ७ | | |
| **बजेट** | रु. | | | | | | ० | | |
| आधारभूत स्वास्थ्य सेवा केन्द्रमा स्थायी दरबन्दी | जना | ९ | प्र.प्र.अ | ३ | ३ | ३ | ९ | | |
| **बजेट** | रु. | | | | | | ० | | |
| वडा नं. २ र ५ मा वडा सचिवको व्यवस्था | जना | २ | प्र.प्र.अ | १ | १ | ० | २ | | |
| **बजेट** | रु. | | | | | | ० | | |
| वडा नं. २, ५ र ७ मा कृषि प्राविधिकको व्यवस्था | जना | ३ | प्र.प्र.अ | १ | १ | १ | ३ | | |
| **बजेट** | रु. | | | | | | ० | | |
| वडा नं. ७ मा सामाजिक परिचालक र प्राविधिक | जना | २ | प्र.प्र.अ | १ | १ | ० | २ | | |
| **बजेट** | रु. | | | | | | ० | | |
| **मानव संसाधन प्राप्तिसँग सम्बन्धित जम्मा बजेट रु** | | | | **सबैं खर्च चालु खर्चबाट हुँने** | | | | | |
| **४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित** | | | **जिम्मेवारी** | | | | | | |
| विद्यालय व्यवस्थापन समितिको क्षमता विकास तालिम | जना | ३५ | विपद् शाखा र प्र.प्रअ. | १० | १२ | १३ | ३५ | | |
| **बजेट** | रु. | | | ८०००० | १०८००० | १३०००० | ३१८००० | २००००० | ११८००० |
| विभिन्न विषयगत समितिहरुको क्षमता विकास | | २५ | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | ८ | ८ | ९ | २५ | | |
| **बजेट** | रु. | | | ८०००० | ८०००० | ९०००० | २५०००० | २५०००० | |
| ऐन/कानुन निर्माण सम्बन्धी न्यायिक समिति र प्र.प्र. अ.को क्षमता विकास तालिम | जना | ७ | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | ० | ७ | ० | ७ | | |
| **बजेट** | रु. | | | ० | ७७००० | ० | ७७००० | ७७००० | |
| खरिदको जिम्मेवारी पाएका कर्मचारी तथा अन्यलाई तालिम | जना | २५ | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | ८ | ८ | ९ | २५ | | |
| **बजेट** | रु. | | | ६४००० | ६४००० | ७२००० | २००००० | २००००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कर्मचारीको सेवाकालीन तालिम | जना | ४० | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | १२ | १३ | १५ | ४० | | |
| **बजेट** | रु. | | | १२०००० | १३०००० | १५०००० | ४००००० | ० | ४००००० |
| जनप्रतिनिधिलाई उनीहरुको पदीय जिम्मेवारी बारे तालिम | जना | २० | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | ० | ० | २० | २० | | |
| **बजेट** | रु. | | | ० | ० | २००००० | २००००० | ० | २००००० |
| जनप्रतिनिधि र कर्मचारीलाई कानुनी प्रक्रिया सम्बन्धी ज्ञान तथा अनुशिक्षण | जना | ४० | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | १० | १३ | १७ | ४० | | |
| **बजेट** | रु. | | | ९०००० | ११७००० | १५३००० | ३६०००० | ३६०००० | |
| पञ्जीकरण, राजस्व सङ्कलन लगायतका कार्यक्रमबारे तालिम | जना | ५ | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | ० | ० | ५ | ५ | | |
| **बजेट** | रु. | | | ० | ० | ४०००० | ४०००० | ४०००० | |
| राजस्व शाखाका र राजस्व सङ्कलनमा संलग्न वडाका कर्मचारीलाई राजस्व सम्बन्धी तालिम | जना | १० | प्र.प्रअ. र प्रशासन शाखा प्रमुख | १० | ० | ० | १० | | |
| **बजेट** | रु. | | | १००००० | ० | ० | १००००० | १००००० | |
| **तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित जम्मा बजेट रु.** | | | | **५३४०००** | **५७६०००** | **८३५०००** | **१९४५०००** | **१२२७०००** | **७१८०००** |
| **कुल जम्मा बजेट (संस्थागत क्षमता विकास) रु.** | | | | **३९६४५००** | **४५९७०००** | **१०३१७५००** | **१८८७९०००** | **१२२४१०००** | **६६३८०००** |

## ४.३ मानव संसाधन विकास एक परिचय

भनिन्छ **"Any value add to an employee is value added to organization"** तसर्थ मानव संसाधनको क्षमता विकास भनेको गाउँ तथा गाउँपालिकाको खर्च नभई लगानी र कार्य क्षमता वृद्धि दुवै हो । त्यसैले भनिन्छ ज्ञान र सीपले संस्थालाई चलायमान बनाउँदछ । सामान्यतया मानव संसाधन विकास भनेको संस्थामा कार्यरत कर्मचारी तथा विविध कार्यमा सहयोग गर्ने सेवा बजारको व्यक्तिगत र संस्थागत सीप, ज्ञान र क्षमता किासको संरचना हो ।

यसले मानव संसाधन विकास केवल तालिम अध्ययन अवलोकन गोष्ठी, अन्तरक्रिया आदि मात्र नभै यो सङ्गठनमा आबद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति समेत भएको हुँदा यो क्षमता विकास योजना बनाउँदा वर्तमानमा भएको जनशक्तिको विद्यमान क्षमताको मूल्याङ्कन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास रणनीति तथा योजनाको तर्जुमा गरिएको छ । अध्ययन क्रममा पालिकका कर्मचारीसँग दुवै व्यक्तिगत र समूहगत रूपमा कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा तथा उनीहरुमा रहेको विद्यमान ज्ञान, सीप र धारणाबीचको अन्तर पहिचान गरी यसरी प्राप्त भएका सूचनाहरुको अध्ययन तथा विश्लेषण गरी मानव संसाधन विकासका लागि गर्नुपर्ने कार्यहरुको पहिचान गरी योजना बनाइएको हो ।

## ४.४ स्थानीय सरकारको मानव संसाधन विकास योजना (अनुसूची १०)

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ अनुसार नगरपालिकाका कर्मचारी तथा प्रतिनिधि तथा वडा सचिवहरु लगायत र सरोकारवालाहरुलाई एक दिने अनुशिक्षण पश्चात् दिग्दर्शनको अनुसूची ८ र ९ का फारमहरु प्रयोग गरी लेखाजोखा गरी तालिका ३ अनुसारको योजना तयार गरिएको छ ।

**तालिका १४ स्थानीय सरकारको मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूची १० मा आधारित)**

| मानव संसाधन विकास क्रियाकलापहरु | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | एकाइ | परिमाण | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
| **१. निर्वाचित पदाधिकारीहरुका लागि** | | | | | | | | | |
| १.१ स्थानीय शासन सम्बन्धी नीति, कानुन र सार्वजनिक प्रशासन र सुशासनबारे सबै निर्वाचित प्रतिनिधिहरुलाई प्रशिक्षण | सुशासन सहितको सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी सङ्ख्या | ३५ | १० | १२ | १३ | ३५ |
| **बजेट रु** | | | | | | ९०००० | १२०००० | १४३००० | ३५३००० |
| १.२ न्याय सम्पादन तथा मध्यस्थताबारे न्यायिक समितिका पदाधिकारीलाई प्रशिक्षण | न्याय सम्पादन मा सहजता र मेलमिलापमा वृद्धि | स्थानीय झै झगडा मिलाउन सक्षम हुँने | प्र.प्र.अ., प्रशासन प्रमुख, समन्वय समिति | सहभागी सङ्ख्या | ५ | ५ | ० | ० | ५ |
| **बजेट रु** | | | | | | ४०००० | ० | ० | ४०००० |
| १.३ नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीबारे कार्यपालिका सदस्यहरु, वडाका सबै प्रतिनिधिहरुलाई तालिम | ग्रामीण योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन बारे ज्ञान प्राप्त हुँने | योजना चक्र व्यवस्थापन तथा मूल्याङ्कन प्रणालीमा सहजता आउँने । | प्र.प्र.अ., प्रशासन प्रमुख, समन्वय समिति | सहभागी सङ्ख्या | ३५ | १० | १२ | १३ | ३५ |
| **बजेट रु** | | | | | | १००००० | १२०००० | १३०००० | ३५०००० |
| १.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरणबारे कार्यपालिका र वडा समितिका पदाधिकारीलाई प्रशिक्षण | GESI बारे संवेदनशीलता आउँने | समावेशी विकास हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सङ्ख्या | ३५ | १० | १२ | १३ | ३५ |
| **बजेट रु** | | | | | | १००००० | १२०००० | १४३००० | ३६३००० |
| १.५ सार्वजनिक समारोह व्यवस्थापन: अतिथि व्यवस्थापन, उद्घोषणबारे कार्यपालिका पदाधिकारीलाई प्रशिक्षण | सार्वजनिक कार्यक्रम सञ्चालनका लागि | अतिथि सत्कार तथा उद्घोषणमा सक्षमता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी सङ्ख्या | १५ | ५ | ५ | ५ | १५ |
| **बजेट रु** | | | | | | ७५००० | ७५००० | ७५००० | २२५००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.६ नेतृत्व सीप, Team Building, द्वन्द्व व्यवस्थापनबारे कार्यपालिका र वडा समितिका पदाधिकारीलाई अनुशिक्षण | समग्र नेतृत्व तथा कार्य क्षमता बढ्ने | टिम एकता र विवाद रहित कार्य सञ्चालनमा वृद्धि हुँने । | प्र.प्र.अ., प्रशासन प्रमुख, समन्वय समिति | सहभागी सङ्ख्या | ३५ | १० | १२ | १३ | ३५ |
| **बजेट रु** | | | | | | ९०००० | १०८००० | १३०००० | ३२८००० |
| १.७ अनुगमन, मूल्याङ्कन, प्रतिवेदनबारे कार्यपालिका र वडा समितिका पदाधिकारीलाई प्रशिक्षण | योजना लगायत विभिन्न क्षेत्र जस्तै बजार, खानी अनुगमन मूल्याङ्कनबारे जान्न | अनुगमनका चरणहरु, मूल्याङ्कनका विधिहरु र प्रतिवेदनका बुँदाहरुका बारेमा जानकारी हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी सङ्ख्या | २० | १० | ० | १० | २० |
| **बजेट रु** | | | | | | १२०००० | ० | १२०००० | २४०००० |
| **निर्वाचित पदाधिकारीहरुका लागि रु** | | | | | | ६१५००० | ५४३००० | ७४१००० | १८९९००० |
| **२. समिति, उपसमितिहरुका लागि** | | | | | | | | | |
| २.१ विकासमा सहभगिता र सूचनाको हकबारे टोल विकास समितिहरुलाई बस्ती स्तरको तालिम | जनसहभागिताको ज्ञान | जनसहभागिता जुट्ने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | कार्यक्रम सङ्ख्या | २५ | ० | १२ | १३ | २५ |
| **बजेट रु** | | | | | | ० | ९६००० | १०४००० | २००००० |
| **जम्मा समिति, उपसमितिहरुका लागि रु** | | | | | | ० | ९६००० | १०४००० | २००००० |
| **३. कर्मचारीहरुका लागि** | | | | | | | | | |
| ३.१ नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणाली बारे नगरपालिकोयोजना शाखा र प्राविधिक शाखाका कर्मचारी तथा वडा सचिवहरुलाई तालिम | ग्रामीण योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनबारे ज्ञान प्राप्त हुँने | योजना चक्र व्यवस्थापन तथा मूल्याङ्कन प्रणालीमा सहजता आउँने । | प्र.प्र.अ., प्रशासन प्रमुखको सहयोगमा | जना | २० | १० | १० | ० | २० |
| **बजेट रु** | | | | | | १००००० | १००००० | ० | २००००० |
| ३.२ सहरी भू–उपयोग योजना तर्जुमा तथा कार्यान्वयनबारे योजना र प्राविधिक शाखाका कर्मचारी तालिम | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | ज्ना | १० | ० | ० | १० | १० |
| **बजेट रु** | | | | | | ० | ० | १५०००० | १५०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.३ सहरी भवन संहिताबारे योजना र प्राविधिक शाखाका कर्मचारी तालिम | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | ज्ना | १० | १० | ० | ० | १० |
| **बजेट रु** | | | | | | १५०००० | ० | ० | १५०००० |
| ३.४ लेखा व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, बेरूजु फछ्र्यौट बार लेखा शाखाका कर्मचारी र प्र.प्र.अ.लाई प्रशिक्षण | लेखा सम्वन्धी दैनिक कार्यसञ्चालन तथा लेखापरीक्षण ज्ञान | लेखा व्यवस्थापनमा कुशलता र बेरुजु रकम घटाउने | प्र.प्र.अ., प्रशासन प्रमुखको सहयोगमा | सङ्ख्या | ४ | ४ | ० | ० | ४ |
| **बजेट रु** | | | | | | ४८००० | ० | ० | ४८००० |
| ३.५ सार्वजनिक खरिद व्यवस्थापन बारे जिन्सी हेर्ने, लेखा हेर्ने कर्मचारी र प्र.प्र.अ.लाई अभिमुखीकरण | खरिदलाई व्यवस्थित गर्न | सरकारी सम्पत्तिको व्यवस्थापन र आर्थिक पारदर्शीता | प्र.प्र.अ., प्रशासन प्रमुखको सहयोगमा | सङ्ख्या | १० | ० | १० | ० | १० |
| **बजेट रु** | | | | | | ० | १२०००० | ० | १२०००० |
| ३.६ अनुगमन, मूल्याङ्कन, प्रतिवेदनबारे पालिकास्तरीय अनुगमन समिति र वडास्तरीय अनुगमन समितिका कर्मचारीलाई प्रशिक्षण | योजना लगायत विभिन्न क्षेत्र जस्तै बजार, खानी अनुगमन मूल्याङ्कनबारे जान्न | अनुगमनका चरणहरु, मूल्याङ्कनका विधिहरु र प्रतिवेदनका बँदाहरुका बारेमा जानकार हुने | प्र.प्र.अ., प्रशासन प्रमुखको सहयोगमा | सङ्ख्या | २० | १० | ० | १० | २० |
| **बजेट रु** | | | | | | १५०००० | ० | १५०००० | ३००००० |
| **जम्मा कर्मचारीका लागि रु** | | | | | | **४४८०००** | **२२००००** | **१५००००** | **८१८०००** |
| **४.साझेदारहरुको क्षमता विकास** | | | | | | | | | |
| ४.१ स्थानीय विद्यालयहरुका शिक्षकहरुलाई विज्ञान प्रयोगशाला सम्बन्धी तालिम | | | | ज्ना | ४० | १० | १५ | १५ | ४० |
| **बजेट रु** | | | | | | ८०००० | १२०००० | १२०००० | ३२०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ स्थानीय विद्यालयहरुका शिक्षकहरुलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिम | | | | ज्ना | ४० | १० | १५ | १५ | ४० |
| **बजेट रु** | | | | | | १५०००० | २२५००० | २२५००० | ६००००० |
| ४.३ थानीय विद्यालयहरुका शिक्षकहरुलाई नेतृत्व विकास तथा क्षमता विकास सम्बन्धी तालिम | | | | ज्ना | ४० | १५ | १० | १५ | ४० |
| **बजेट रु** | | | | | | १८०००० | १२०००० | १८०००० | ४८०००० |
| ४.४ स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम | | | | ज्ना | २५ | १० | १५ | ० | २५ |
| **बजेट रु** | | | | | | १००००० | १५०००० | ० | २५०००० |
| ४.५ स्वास्थ्य स्वयम्सेविकाहरुलाई स्वास्थ्य परामर्श सम्बन्धी तालिम | | | | ज्ना | २० | ० | १० | १० | २० |
| **बजेट रु** | | | | | | ० | १२०००० | १२०००० | २४०००० |
| **जम्मा साझेदारहरुको क्षमता विकास रु** | | | | | | **५१००००** | **७३५०००** | **६४५०००** | **१८९००००** |
| **कुल जम्मा मानव संसाधन विकास रु** | | | | | | **१५७३०००** | **१५९४०००** | **१६४००००** | **४८०७०००** |

यी माथिका दुवै संस्थागत क्षमता विकास र मानव संसाधन विकासका लागि कुल रु. २,३६,८६,००० खर्च आउँछ जो पालिकाको क्षमताभन्दा धेरै माथि हुन्छ । माथि संस्थागत क्षमता विकास र मानव संसाधन विकासमा गरी गाउँपालिकाले रु१,६१,४१,०००.(८१.१५प्रतिशत) व्यहोर्नु पर्ने हुन्छ। तसर्थ पालिकाको क्षमताले आन्तरिक स्रोतमै नपुग्ने हुन्छ भने बाह्य स्रोत समेतको पनि सम्भावना खोज्नु पर्ने भएको हुँदा सेवा र स्रोतको सम्भावना भएका सरोकारवालाहरुको खोजी गर्ने सिलसिलामा दिग्दर्शको अनुसूची ६ अनुसारको क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरु विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## ४.५ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरुको पहिचान (अनुसूची ६सँग सम्बन्धित)

सामान्यतया संस्थागत क्षमता विकासका लागि नगरपालिकाले व्यहोर्न सक्ने स्रोतको विश्लेषण गर्दा निम्न अनुसार हुँन आउँने देखिन्छ ।

**तालिका १५ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरु (अनुसूची ६सँग सम्बन्धित)**

| स्रोत व्यक्ति वा सरोकारवाला पक्षको नाम | क्षमता विकास सहकार्य वा सहयोगका क्षेत्र | सम्भावित भूमिका |
|---|---|---|
| संघीय सरकार | आर्थिक स्रोत | योजनामा आधारित विशेष अनुदान |
| प्रदेश सरकार | आर्थिक स्रोत र दातृनिकायसँग समन्वय | योजनामा आधारित अतिरिक्त स्रोत, दातृसंस्थासँग सम्पर्क र समन्वय, |
| प्रदेश योजना आयोग, कर्णाली | नीतिगत व्यवस्था विभिन्न पक्षसँग समन्वय | प्रदेशमा बजेट व्यवस्थापन, दातृ निकायसँग समन्वय र सहयोगको वातावरण तयारी |
| प्रदेश प्रशिक्षण प्रतिष्ठान, कर्णाली | विविध विषयमा तालिम र प्राविधिक सहयोग | विशेषज्ञ सेवा उपलब्ध, सेवाग्राही लक्षित तथा सेवा बजारमा आधारित तालिम सञ्चालन ।<br>निर्वाचित पदाधिकारी हरु, समिति तथा उपसमिति हरु, कर्मचारी र साझेदारहरु लक्षित विभिन्न क्षमता विकास तालिम, गोष्ठी तथा अनुशिक्षणहरु सहजीकरण |
| काठमाडौं, बुटवल, पोखरा र अन्य स्थानमा रहेका कन्सल्टेन्सीहरु | विज्ञ सेवा | सेवा सम्झौता भएमा निर्वाचित पदाधिकारीहरु, समिति तथा उपसमितिहरु, कर्मचारी र साझेदारहरु लक्षित विभिन्न क्षमता विकास तालिम, गोष्ठी तथा अनुशिक्षणहरु सहजीकरण तथा कार्यविधिहरु तयारी |
| पालिका अन्तर्गत कार्यरत अन्य संघ संस्था तथा दातृनिकायहरु | | आर्थिक सहयोग |

# परिच्छेद् ५ क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना

## ५.१ पृष्ठभूमि

नेपालका सबै स्थानीय तहहरु नगरिकका घरदैलोका सरकार हुन् र यिनलाई नेपालको संविधान २०७२ ले प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ। स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरु कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा स्थानीय सरकारको भौतिक सुसम्पन्नता, विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरु र मानव संसाधनको ज्ञान, सीप र क्षमतामा भर पर्दछ । तसर्थ, यो क्षमता विकास योजना कार्यान्वयन गर्न केही निश्चित रणनीति कार्यविधि अवलम्बन गरिनेछ जुन तल दिइएको छ ।

## ५.२ उद्देश्य

छत्रेश्वरी गाउँपालिकाको २०८३ जेष्ठमा तयार भएको यो क्षमता विकास योजना २०८३ र पछिका वर्षहरुमा तयार हुने तथा भएका क्षमता विकास योजनाहरुको सफल र नतिजामूलक कार्यान्वयन भै योजनाले लिएको लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न मद्दत पुऱ्याउने हो ।

## ५.३ कार्य क्षेत्र

पालिकाको क्षमता विकासको कार्यक्षेत्र व्यापक छ। खास गरी योजनामा निर्दिष्ट भएका क्षमता विकासका कार्यहरु सम्पादन गर्न दुई भागमा प्रस्तुत गरिएका योजनाहरुलाई कार्यान्वयन गर्ने हो ।

**क. संस्थागत क्षमता विकास**

१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित
२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित
३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित
४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित

**ख. मानव संसाधन विकास मा तालिम, गोष्ठी, सेमिनार, अवलोकन भ्रमण, अन्तरकिया आदि**

१. निर्वाचित पदाधिकारीहरुका लागि
२. विभिन्न समिति, उपसमिति टोल सुधार समितिहरुका लागि
३. वडाहरु सरोकारवालाहरु समेत पालिकाका कर्मचारीहरुका लागि
४. साझेदारहरुको क्षमता विकास

यी माथिका दुवै क्षेत्रका कार्यहरु सम्पादन गर्न तल उल्लेखित चार चरणका कार्यहरु गरिने छः

**चरण १ः योजना स्वीकृति र बजेट सुनिश्चितता**

क. क्षमता विकास योजना कार्यपालिका मार्फत् गाउँ सभाबाट पारित गराउने ।
ख. योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने ।
ग. बाहिरी सहयोगको खोजी र स्रोत पहिचान र सुनिश्चित गर्ने ।

**चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचन, लागत र कार्य सम्झौता**

क. क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरुबीच समन्वय गर्ने ।

ख. मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोतव्यक्ति तथा संस्थाको पहिचान ।

ग. संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी ।

घ. संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोतव्यक्ति वा संस्थासँग कार्य सम्झौता ।

**चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण**

क. थप मानव संसाधन व्यवस्थापनको लागि नीति नियम र दरबन्दी मातहतमा रहेर भर्ना प्रक्रिया पुरा गर्ने ।

ख. संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामग्री व्यवस्थापन ।

ग. तालिम, गोष्ठी, सेमिनार वा अन्य सीप विकास तालिम सञ्चालनमा सहजीकरण ।

घ. संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने ।

**चरण ४: अनुगमन, अध्ययन तथा अद्यावधिक**

क. क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समीक्षा गर्ने ।

ख. क्षमता विकास योजनालाई वार्षिक रूपमा अद्यावधिक गर्ने गराउने ।

ग. क्षमता विकासबाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधारबारे अध्ययन गराउँने ।

## ५.४ योजना कार्यान्वयनको रणनीति

रणनीति १: **पालिकाबाट योजनाको स्वामित्व ग्रहण:** यो योजना पालिका सँगको सहभागितामा तयार भएको हुँदा यसको स्वामित्व यस पालिकाले ग्रहण गर्दछ ।

रणनीति २: **क्षमता विकास योजना कार्यान्वयनका लागि कार्यविधि तयारी:** यो योजना कार्यान्वयनका लागि आवश्यक परे छुट्टै कार्यविधि बनाइने छ ।

रणनीति ३: **बजेट सुनिश्चित गर्ने:** यो योजना कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्न पालिकाको वार्षिक चालु खर्चको कम्तिमा पनि १.५ प्रतिशत बजेट पालिकाले विनियोजन गर्ने छ ।

रणनीति ४ **नयाँ निर्वाचत पदाधिकारीलाई अनिवार्य अनुशिक्षण:** आगामी वर्ष चुनावको वर्ष भएको हुँदा नयाँ निर्वाचनपछि आएको सबै निर्वाचित प्रतिनिधिहरुलाई पालिकाका एकल तथा साझा अधिकारहरु, तिनीहरुको प्रयोग, संघीय कानुनले प्रदान गरेका कार्यहरु र ऐन नियम र प्रतिनिधिहरुका कार्य जिम्मेवारीबारे निर्वाचन लगतै सेवा प्रवेश अनुशिक्षण प्रदान गरिने छ ।

रणनीति ५: **सम्पर्क व्यक्तिको व्यवस्था:** क्षमता विकास योजना समन्वय समितिको व्यवस्था गरिएको छ र योजनामा अतिरिक्त व्यक्तिहरुलाई पनि जिम्मेवारी दिइएको छ । तथापि योजनाको संवेदनशीलतालाई ध्यानमा राखी यसका समग्र प्रशासनिक जटिलताहरुको व्यवस्थापन, कार्य

योजना अनुसारका कार्यहरु चलायमान बनाउँन र भएका कार्यहरुको दस्ताबेज सहितको व्यवस्था तथा योजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनको व्यवस्थापनका लागि सिनियर कर्मचारीमध्ये कसै एकलाई सम्पर्क व्यक्तिका रूपमा कार्य तोकिने छ ।

**रणनीति ६:** **पहिलो सुरुवात संस्थागत संरचनामा सुधारः** संस्थागत क्षमता भनेको संस्थाको भौतिक स्रोत साधन, ऐन, नियम, विधि तथा प्रणाली, आवश्यक मात्रामा मानव संसाधन व्यवस्था र मानव संसाधनको क्षमता विकास पर्नजाने हुँदा यो क्षमता विकास योजना तयार गर्दा माथि भनिएझैं सर्वप्रथम संस्थागत संरचनाको सुधार गर्न प्राथमिकता दिइने छ ।

**रणनीति ७:** **दोस्रो आयाम मानव संसाधनको विकासः** संस्थागत संचरना जतिसुकै चुस्त भए पनि यदि त्यसको उपयोग गर्ने क्षमता संस्थागत संरचना भित्र भएन भने विकास व्यवस्थापन, सेवा प्रवाह र सुशासनमा असर पर्दछ । तसर्थ क्षमता विकासको दोस्रो प्राथमिकतास्वरूप मानव संसाधनको विकासलाई अगाडि बढाइने छ । अर्थात् संस्थागत स्रोत विकास र मानव संसाधन विकाससँग सँगै लगिने छ ।

## ५.५ कार्यान्वयनका सिद्धान्तहरु

**सिद्धान्त १** **विभेद शून्यः** संस्थाभित्र वा संसथा बाहिरका सरोकारवालाहरुको क्षमता विकास गर्दा नेतृत्व, सानु वा ठूलो कर्मचारी वा सरोकारवाला सदस्यहरुमा कुनै भेदभाव गरिने छैन ।

**सिद्धान्त २** **पारदर्शीताः** यो योजना कार्यान्वयन पूर्ण पारदर्शी ढङ्गबाट सञ्चालन हुँने छ र हाम्रा गराइ, प्रक्रिया र खर्चहरु गाउँ तथा गाउँपालिकाको सार्वजनिक सुनुवाइ तथा चासो राख्नेलाई सूचना दिएर पूर्ण पारदर्शी बनाइने छ ।

**सिद्धान्त ३** **समन्वय र सहकार्यः** यो योजना कार्यान्वयन गर्दा गाउँपालिका एक्लै अगाडि नबढी विभिन्न सरोकारवालाहरु, सेवा प्रदायक तथा स्रोत दाताहरुसँगको सहकार्यमा कार्यान्वयन गरिने छ ।

**सिद्धान्त ४** **योगदानमा आधारित कार्यक्रमः** यो क्षमता विकास योजनालाई केवल डोनर निर्भर नबनाई गाउँपालिकाको योगदानलाई पनि सँगसँगै लगिने छ ।

## ५.६ कार्यान्वयन तालिका प्रथम वर्ष

यो क्षमता विकास योजनाको कार्यान्वयन एकल प्रयासबाट सम्भव हुँदैन । यसमा सबै सरोकारवाला, विषयगत कार्यालयहरु, गाउँपालिकाभित्रका विषयगत विभाग तथा शाखाहरु समेत सबै निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलहरुको जिम्मेवारी हुन्छ । यो क्षमता विकास योजनाका मूल कार्यहरुका लागि निम्न अनुसार जिम्मेवारी बहनको अपेक्षा गरिएको छ ।

## आगामी आ.व. २०८३/२०८४ को कार्ययोजना

**तालिका १६ पहिलो वर्षका कार्य योजना**

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिविधि | प्रथम त्रैमासिक | दास्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | मूल जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **चरण १: योजना स्वीकृति र बजेट सुनिश्चितता** | | | | | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत् गाउँ सभाबाट पारित गराउने | | | | | क्षमता विकास समन्वय समिति र प्र.प्र अधिकृत |
| १.२ | योजना कार्यान्वयनका लागि कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने । | | | | | क्षमता विकास समन्वय समिति र प्र.प्र अधिकृत |
| १.३ | बाहिरी सहयोगको खोजी र स्रोत पहिचान र सुनिश्चित गर्ने | | | | | क्षमता विकास समन्वय समिति र प्रमुख प्रशासकीय अधिकृत |
| **चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचान, लागत र कार्य सम्झौता** | | | | | | |
| २.१ | क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरुबीच समन्वय गर्ने । | | | | | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |
| २.२ | मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोतव्यक्ति तथा संस्थाको पहिचान । | | | | | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |
| २.३ | संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी | | | | | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |
| २.४ | संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्थासँग कार्य सम्झौता | | | | | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण** | | | | | | |
| ३.१ | थप मानव संसाधन व्यवस्थापनको लागि नीति नियम र दरबन्दी मातहतमा रहेर भर्ना प्रकिया पुरा गर्ने । | | | | | प्रमुख प्रशासकीय अधिकृत |
| ३.२ | संस्थगत संरचना भित्रको तथा समुदाय स्तरको मनव संसाधनको क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामग्री व्यवस्थापन । | | | | | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन प्रमुख । |
| ३.३ | तालिम, गोष्ठी, सेमिनार वा अन्य सीप विकास तालिम सञ्चालनमा सहजीकरण । | | | | | प्रशासन प्रमुख । |
| ३.४ | संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने । | | | | | प्रशासन प्रमुख । |
| **चरण ४: अनुगमन, अध्ययन तथा अद्यावधिक** | | | | | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समीक्षा गर्ने । | | | | | क्षमता विकास समन्वय समिति |
